CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रसिद्ध ज्योतिषी भगीरथ जैसी

दिनेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रसिद्ध ज्योतिषी भगीरथ जैसी

दिनेशराज पन्त

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानको २८ औं पुष्प

प्रकाशक -
खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रक्तकाली, काठमाडौं, नेपाल
फोन: ४२६३४९४, ४४१७८५७

प्रकाशनमिति -
वि.सं. २०७२ पौष १ गते मार्गशुक्ल पञ्चमी
(कविशिरोमणि राजीवलोचन जोशीको ८७ औं स्मृतिदिवस)

पहिलो संस्करण - ५०० प्रति

मूल्य - रु. २००।-

मुद्रक - श्री प्रेस, जावलाखेल, ललितपुर
फोन: ५५३२८२२, ५५४८९४६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकको मन्तव्य

वि. सं. २०५२ मा विधिवत् स्थापना गरिएको खिलशर्म–राजीवलोचन–जोशीस्मारकप्रतिष्ठानले प्रत्येक वर्ष राजीवलोचनजोशीस्मृतिदिवस मनाउने गरेको छ । त्यस अवसरमा पुरस्कार–सम्मान–कार्यक्रम गर्ने र नयाँ वा पुराना कृतिहरूको प्रकाशन गर्ने परम्परा रहेको बेहोरा सबैमा अवगत नै छ ।

यो प्रतिष्ठानले यस वर्ष प्रा. दिनेशराज पन्तद्वारा तयार पारिएको "प्रसिद्ध ज्योतिषी भगीरथ जैसी" नामक कृतिलाई प्रकाशमा ल्याएको छ । वि. सं. १६१६ मा गोरखाराज्यको स्थापना भएदेखि नै गोरखाली शासकहरूले ज्योतिषीहरूलाई आफ्नो आश्रयमा राख्ने गरेका थिए। एकीकरणको अभियान शुरू हुँदा सल्लाहकारका रूपमा पनि ज्योतिषीहरूको स्थान बनिसकेको थियो। त्यस्ता ज्योतिषीमध्ये कतिले त राम्राराम्रा ग्रन्थहरूको रचना पनि गरेका थिए भने कतिले सेनापतिहरूसँगै रहेर लडाईँभिडाईँका काममा हौसला बढाउने गरेको कुरा प्रसिद्ध छ। तिनैमध्ये देवकोटाकुलमा जन्मिएका भगीरथ जैसीको बारेमा प्रा. दिनेशराज पन्तले तयार पार्नुभएको यो कृति इतिहासका पारखीहरूलाई अवश्य काम लाग्नेछ भन्ने हाम्रो विश्वास छ।

यस्तो महत्त्वपूर्ण कृतिको प्रकाशन गर्ने अवसर दिनुभएकोमा प्रा. दिनेशराज पन्तज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

वि.सं. २०७२ पौष १ गते
मङ्गलवार
मार्गशुक्ल पञ्चमी
(विवाहपञ्चमी)

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान
रत्नकाली, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वक्तव्य

गोरखाको इतिहास तयार पार्ने प्रसङ्गमा वि.सं. २०३७ मार्गमा गोरखाको विभिन्न ठाउँमा जाने प्रसङ्गमा म लुइँटेलबजार पुगेँ । मेरो त्यस यात्रामा श्रीऐश्वर्यधर शर्मा पनि हुनुहुन्थ्यो । अनुसन्धानयात्रामा जाँदा सकेसम्म आफ्नो अनुसन्धानसँग सम्बद्ध सामग्री जम्मा गर्ने, त्यसो नभए अरू सामग्रीको पनि सङ्कलन गर्ने पद्धति मैले लिएको थिएँ । त्यही पद्धतिअनुसार आफ्नो अनुसन्धानसँग सोझै सम्बद्ध सामग्री नभेटिए तापनि एक रात लुइँटेलबजारमा नै बिताएँ। बजारवरिपरि रहेका देवमन्दिर, पुराना कागजपत्र भएका मानिस खोज्ने प्रसङ्गमा नगीचै रहेको वीरभद्रेश्वरको मन्दिर देखेँ र त्यहाँ रहेको शिलापत्रको केही अंश पढें पनि । त्यस शिलालेखमा **ज्योतिर्वित्प्रवरो भगीरथसुतो श्रीवीरभद्रोकरोत्** भनी लेखिएको पढेपछि वीरभद्र र भगीरथ नामका ज्योतिषी रहेछन् भन्ने कुरा मलाई थाहा भयो । त्यही वेला श्रीकुलेन्द्रराज देवकोटयले म भगीरथको पनातिका पनाति हुँ, भगीरथका कान्छा छोरा भास्कर, भास्करका वासुदेव, वासुदेवका देवीभक्त, देवीभक्तका पुष्पराज, पुष्पराजका गजेन्द्रराज र गजेन्द्रराजका म कुलेन्द्रराज हुँ भनी वंशावली टिपाइदिनुभयो, भगीरथसँग सम्बद्ध ५ वटा तात्कालिक पत्र प्रतिलिपि गर्न दिनुभयो तथा भगीरथसम्बन्धी एउटा अनुश्रुति पनि टिपाइदिनुभयो । नेपालका ज्योतिषीहरूको इतिहास तयार गर्नुपर्छ भन्ने कुरा त्यसताका मेरो मनमा खेलिरहन्थ्यो । त्यो पुस्तक तयार गर्दा राख्नुपर्ने महत्त्वपूर्ण व्यक्ति यी भगीरथ जैसी र वीरभद्र जैसी पनि रहेछन् भन्ने कुरा पनि त्यस वेला मनमा उठ्यो ।

पितामह हेमराज पण्डितज्यू (वि.सं. १९३५-२०१०) को सङ्ग्रहमा रहेको र पछि अंशबण्डा हुँदा काका ईश्वरीराज पाण्डे (वि.सं. १९९१-२०५२) को भागमा परी उहाँबाट मैले पाएको भनी एउटा कापी श्रीप्रकाश ए. राजबाट धेरै वर्षअघि मैले पाएको थिएँ । त्यसलाई पछि विद्वच्छिरोमणि हेमराजको

CC-0. Nepal Sanskrit Academy, Kathmandu
गोरखासम्बन्धी अनुसन्धान भनी मैले प्रकाश गराएँ पनि । त्यसमा भगीरथ जैसीसँग सम्बद्ध सामग्री पनि निकै देखिए र यिनको बारेमा भिन्नै एउटा पुस्तक निकाल्नुपर्छ भन्ने विचार मलाई आयो । यस्तै अवस्थामा श्रीशिव रेग्मीमार्फत श्रीचैतन्यराज देवकोटाबाट भगीरथ जैसीसँग सम्बद्ध निकै सामग्री मैले पाएँ र चैतन्यजीको अनुरोधमा त्ससम्बन्धी पुस्तक तयार गर्न म लागेँ । मेरो जुम्सो चालले गर्दा त्यो पुस्तक तयार गर्न करीब ७ वर्ष जति लाग्यो र वि.सं. २०७० को अन्त्यतिर मात्र त्यो पुस्तक एकसरो तयार भयो । फुर्सदफुर्सदमा त्यस पुस्तकको केही परिमार्जन गरिरहेको थिएँ ।

खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा हरेक वर्ष पुस्तक प्रकाश गर्ने काम हुन्छ । यसपालि पनि पुस्तक प्रकाश गर्ने कुरा उठ्दा मैले तयार पारेको यस पुस्तकको कुरा उठ्यो । प्रतिष्ठानका अध्यक्ष श्रीपुरुषोत्तमराज जोशीलगायत सबै सदस्यहरूले यो पुस्तक प्रकाश गर्ने कुरा स्वीकार गर्नुभयो र यो पुस्तक प्रकाश हुँदैछ । यसको लागि उहाँहरू सबैलाई धन्यवाद ज्ञापन गर्छु । श्रीचैतन्यराज देवकोटाले यस पुस्तकको मूल आधार भएका सामग्री मलाई उपलब्ध गराएर र यसको लागि आवश्यक व्यवस्था गरिदिएर मलाई ठूलो गुन लगाउनुभएको छ । यसको लागि उहाँलाई धन्यवाद ज्ञापन गर्छु । श्रीशिव रेग्मी, डा. श्रीमहेशराज पन्त, प्रा.डा. श्रीइन्दिरा जोशी र सहप्रा. श्रीरुक्मनाथ पौडेलले यो पुस्तक तयार गर्ने क्रममा मलाई विभिन्न ढङ्गबाट सघाउनुभएको छ, यसैले उहाँहरू सबैमा धन्यवाद ज्ञापन गर्छु ।

– दिनेशराज पन्त

वि.सं. २०७२ मार्ग ९ गते बुधवार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिच्छविकाल अभिलेखको आधारमा भन्न सकिने नेपालको पहिलो प्रामाणिक काल हो । त्यस कालका अहिलेसम्म सबा २ सयभन्दा बढी अभिलेख पाइएका छन् ।[1] ती अभिलेख, अरू बाह्य तथा आन्तरिक प्रमाणको आधारमा त्यस वेलाको नेपाल झण्डैझण्डै अहिलेकै जत्रो थियो भन्ने बुझिन्छ । लिच्छविकालपछि नेपालको त्यो अवस्था रहेन र क्रमशः राज्य टुक्रिने क्रम शुरू भयो । विक्रमको बाह्रौँ शताब्दीतिर पुग्दा नेपालमा ३ वटा राज्य खडा भए । एउटा प. १ नं नुवाकोटसम्म आफ्नो राज्य कायम रहँदा पनि **समस्तनेपालनवकोटभुङ्तीप्रजेंत राजेकृतम्** (समस्त नेपाल नुवाकोट भुक्तिसम्म राज्य गरे) भनेर गर्व गर्ने काठमाडौँखाल्डो केन्द्र भएको राज्य, अर्को नेपालको दक्षिणपूर्वभेगमा नान्यदेवले खडा गरेको सिमरौनगढराज्य र अर्को नेपालको पश्चिमोत्तर भेकमा नागराजले खडा गरेको सिँजाराज्य, जसले कुनै वेला वर्तमान भारतको उत्तराखण्ड राज्यको कुमाउँगढवालक्षेत्र र वर्तमान चीनको स्वशासित क्षेत्र तिब्बतको मानसरोवरक्षेत्रसम्म आफ्नो अधिकार फैलाएको थियो । यसपछि पनि राज्य टुक्रिने क्रम बढ्दै गयो र विक्रमको अठारौँ शताब्दीमा पुग्दा यस भेगमा ५२वटा भन्दा बढी राज्य खडा हुन आए ।[2]

वि.सं. १६१६ भाद्र २५ गते लमजुङका राजकुमार द्रव्य शाहले गोरखा राज्य खडा गरे । द्रव्य शाह, पूर्ण शाह र राम शाह तीन राजाको परिश्रमले गोरखा राज्यले पूर्णता पायो । त्यस गोरखा राज्यलाई बाह्य आक्रमणबाट जोगाउन गोरखाली राजा प्रजाले निकै परिश्रम गर्नुपर्‍यो । गोरखा राज्य अरू राज्यभन्दा धनजनमा कमजोर भए तापनि शुरूदेखि नै त्यस राज्यमा **योग्याय योग्यं दातव्यम्** (ठीक मानिसलाई ठीक ठाउँमा राख्नुपर्छ) भन्ने सिद्धान्तले केही काम गरेको थियो । यस्तै अवस्थामा गोरखाका राजा नरभूपाल शाहका जेठा छोराको रूपमा वि.सं. १७७९ पौष २७ गते पृथ्वीनारायण शाहको जन्म भयो । आफ्ना बाबु बाजेले पूर्वतिर बढ्ने गरेको प्रयत्न पृथ्वीनारायण शाहले सानैदेखि सुन्दै बुझ्दै आएका थिए । वि.सं. १७९९ चैत्र २५ गते बाबु नरभूपाल शाहको मृत्यु भएपछि राजा भएका पृथ्वीनारायण शाहले नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu
एकीकरणको अभियानलाई गति दिने काम गरे र त्यसको श्रीगणेश वि.सं. १८०१ आश्विन १५ गते काठमाडौँको मल्ल राज्यको अधिकारमा रहेको नुवाकोटबाट भयो ।[३]

अमरकोश संस्कृत भाषाको प्रसिद्ध कोश हो । संस्कृत पढ्ने मानिसहरूले अमरकोश कण्ठस्थ गर्ने परम्परा धेरै कालअघिदेखि चलेर आइरहेको छ । तीन काण्डमा विभक्त त्यस कोशमा विभिन्न वर्ग छन् । ती वर्गहरूमध्ये दोस्रो काण्डमा ब्रह्मवर्ग, क्षत्रियवर्ग, वैश्यवर्ग र शूद्रवर्ग पनि छन् । त्यसमा अरू विषयका विद्वान्हरूको चर्चा ब्रह्मवर्गमा र ज्योतिषीको चर्चा क्षत्रियवर्गमा गरिएको छ ।[४] यताबाट ज्योतिषी पेशा राजकाजसँग सम्बद्ध हो भन्ने आशय अमरकोशकारको देखिन्छ । नेपालको इतिहासको अनुगमन गर्दा पनि शासकहरूले ज्योतिषीहरूलाई महत्त्व दिएका निकै उदाहरण पाइन्छन् । यसै प्रसङ्गमा चिनियाँ यात्रीले नेपालीहरूलाई ज्यौतिषको ज्ञान छ भनी लिच्छविकालमा बोलेको कुराको सम्झना हुन्छ ।[५] पृथ्वीनारायण शाहले नेपालको पुनरेकीकरणको अभियान शुरू गरेपछि ज्योतिषीहरूको महत्त्व निकै बढ्यो । साइत हेर्ने काममा होस्, आन्तरिक प्रशासनको काममा होस्, परराष्ट्रसम्बन्धको काममा होस्, विभिन्न काममा ज्योतिषीहरूको प्रयोग हुन थाल्यो ।[६] त्यस्ता ज्योतिषीहरूमा गोरखा देवकोटमध्ये लुइँटेलका भगीरथ देवकोटा पनि पर्छन् । ज्योतिषी काम गर्ने हुनाले जोशी अर्थात् जैसी कहलिने परम्पराअनुसार उनी भगीरथ जैसीको रूपमा बढी प्रसिद्ध छन् । यसको साथै उपाध्यायका छोरा भगीरथ आमाको कारणले जैसी भएकाले[७] पनि उनी जैसी कहलिएका हुन् । पछि आफ्नो अनुकूल शासन भएको वेला भगीरथका खलकले आफूलाई उपाध्यायसरहको सुविधा दिलाउन गरेको प्रयत्न[८] यस प्रसङ्गमा स्मरणीय छ । उपलब्ध सामग्रीको आधारमा तिनै भगीरथ जैसीको बारेमा केही कोर्ने प्रयत्न यहाँ गरिएको छ ।

वि.सं. १८६६मा श्री ५ गीर्वाणबाट छोरा भास्कर जैसीसमेत भगीरथ जैसीलाई खर्दारी मान दिएको पत्रमा रमापति जैसिको नाति कमलापति जैसिको छोरा पद देवकोट्य वतन लकाङ भगिरथ जैसि भनी लेखिएबाट र वि.सं. १८९८ मा श्री ५ राजेन्द्रबाट भास्कर जैसीलाई खर्दारी मान दिएको पत्रमा कमलापति जोसिको नाति भगीरथ जोसिको छोरा पद देउकोट्य वतन गोर्षा लकां भास्कर जोसि भनी लेखिएबाट[९] भगीरथ जैसीका बाबु कमलापति जैसी र बाजे रमापति जैसी देखिन आउँछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रमापतिका बराज्यू चम्पाकर उपाध्याय जुम्लाबाट गोरखा आए भनी देवकोटावंशावलीमा लेखिएको छ ।[१०] चम्पाकर उपाध्यायदेखि भगीरथ जैसीका छोराहरूसम्मको यो वंशक्रम यस प्रकारको छ –

चम्पाकर उपाध्याय
↓
सोमु
↓
नरोत्तम
↓
रमापति
↓
कमलापति
↓
भगीरथ
↓

कुलानन्द	लक्ष्मण	वीरभद्र	भास्कर[११]

भगीरथ जैसीको मृत्यु वि.सं. १८८४ को महाष्टमीमा भयो, त्यस वेला उनी ८३ वर्ष ६ महिना १४ दिनका थिए भन्ने अनुश्रुति देवकोटापरिवारमा पाइन्छ । यताबाट वि.सं. १८०१ मा भगीरथको जन्म भएको देखिन्छ । यसरी पृथ्वीनारायण शाहको पालामा भगीरथको जन्म भएको देखिन आउँछ ।

वि.सं. १८०१को नुवाकोटविजयबाट आफ्नो विजययात्रा शुरू गरेका पृथ्वीनारायण शाहले २५ वर्षको अनवरत परिश्रमपछि नुवाकोटबाट साढे सात कोश फरकमा रहेको काठमाडौँ हस्तगत गरे, त्यसै वर्ष वि.सं. १८२५मा पाटन हस्तगत गरेका पृथ्वीनारायणले वि.सं. १८२६मा भक्तपुर विजय गरी एकीकरणको एक चरण पूरा गरे । त्यसपछि पश्चिमतिरको अभियान सफल भए तापनि अन्त्यमा उनले असफलता पाए र पश्चिमतिर बाबुबाजेले जोडेको राज्यभन्दा १ अङ्गुल थप्न पनि उनी समर्थ भएनन् । पश्चिमतिर असफलता पाएपछि पूर्वतिर अघि बढेका पृथ्वीनारायणले सजिलै विजय हासिल गरे, चौदण्डी र विजयपुर नामका दुइटा राज्य जिती आफ्नो राज्यको सिमाना वर्तमान नेपालको सिमानाभन्दा परसम्म उनले पुऱ्याइदिए । वि.सं. १८३१ माघ १ गते नुवाकोटको देवीघाटमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायणको मृत्यु भएपछि प्रतापसिंह शाह राजा भए ।[१२] उनी विजिगीषु नभएकाले उनको पालामा राज्यविस्तारको काम खास अघि बढेन तापनि तनहुँराज्यको तराई रामनगर अङ्ग्रेजको प्रभावमा परिसकेकोले तनहुँराज्यको भित्री मधेश सुमेश्वर अर्थात् चितौनमा कब्जा गर्ने काम भयो । वि.सं. १८३४मा प्रतापसिंह शाहको २८वर्षको उमेरमा मृत्यु भयो, त्यसपछि उनका अढाइ वर्षका छोरा रणबहादुर शाह राजा भए । उनको नायबी कहिले आमा राजेन्द्रलक्ष्मी र कहिले काका बहादुर शाहबाट चल्यो । उनीहरूमा परस्परमा मतभेद भए तापनि भाउज्यू देवर दुवै विजिगीषु स्वभावका भएकाले विजययात्रा पनि चल्दै गयो ।[१३] वि.सं. १८३९ ज्येष्ठमा चौतरिया काजी सरदारहरूले मिरकोटका उमरालाई भगीरथ जैसीको बाँधाको विषयमा लेखिदिएको पत्र पाइएको छ ।[१४] रणबहादुर शाहको भाकाबाट वि.सं. १८४० वैशाखमा लेखिएको पत्र छोटकरीमा लेखिएकोले सबै कुरा स्पष्ट हुँदैन तापनि त्यसमा केही कुराको अलमल भई २ दिनसम्म तिम्रो दुःख हरण नहुँदा आत्तिएर घर गएछौ, यहाँ केही कामको सल्लाह छ, तिम्रो दुःख पनि हरण गरौँला, रुक्का देख्नेबित्तिकै हाम्रो हजुर आइपुग भनी लेखिएको छ ।[१५] यताबाट काठमाडौँमा रहेका भगीरथ जैसी आफ्नो काम नबन्ने देखी घर देवकोट गएका र दरबारमा उनको अनुकूल स्थिति बनेपछि उनी बोलाइएका देखिन्छन् ।

वि.सं. १८४१ मा नाथु जैसी, नारायण जैसी र दशरथ जैसीले भगीरथ जैसीलाई बाँधा दिएको पत्र पाइएको छ ।[१६]

वि.सं. १८४२ ज्येष्ठमा सतहुँमा रहेका काजी सरदारहरूले भगीरथ जैसीलाई लेखिदिएको पत्र छ । त्यस पत्रमा कास्कीलाई थाप्ता र कास्की विजय गर्दा कबोल गरिएको जग्गा दिएको र राजाबाट लालमोहर गराइदिऔँला भन्ने कुरा परेको छ ।[१७] चौबीसी राज्यमध्ये कास्की बारम्बार गोरखाको आश्रयमा बस्ने र बारम्बार अरू राज्यसँग मिल्दै गोरखाको विरोधमा जाने गर्दथ्यो । यस्तै घटनालाई लक्ष्य गरेर कास्कि थापुता भनी पत्रमा भनिएको हो । वि.सं १८४०मा कास्की विजय भएपछि[१८] पहिले कबोल गरेको जग्गा दिई यो पत्र लेखिदिएको हो । विजयको अभियानमा साइत हेर्ने कामको लागि ज्योतिषीहरूको अपरिहार्यता रहन्थ्यो । यसवेला ज्योतिषीको रूपमा भगीरथले ख्याति कमाइसकेकाले सरकारले यस काममा भगीरथलाई उपयोग गरेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८४२ श्रावण २ गते राजमाता राजेन्द्रलक्ष्मीको मृत्यु भयो ।[१९] यसपछि राजाका काका राजकुमार बहादुर शाहको हातमा शासनको पूर्णाधिकार आयो । बहादुर शाह बाबु पृथ्वीनारायण शाह जस्तै विजिगीषु स्वभावका थिए । यसैले यस वेला एकीकरणको कामले गति लियो ।[२०] यस अभियानमा निकै ज्योतिषीहरू संलग्न थिए । त्यस्ता ज्योतिषीहरूमा हाम्रा भगीरथ जैसी पनि पर्छन् । यसैले यस विषयमा केही लेखिन्छ ।

पृथ्वीनारायण शाहले शुरू गरेको एकीकरणअभियानमा बलियो भएका हुनाले पर्वत, पाल्पा आदिबाट बढी अवरोध आइरहन्थ्यो । त्यसैले बहादुर शाहले पाल्पाका राजा महादत्त सेनकी छोरीसँग विवाह गरी पाल्पालाई आफ्नो अनुकूल बनाए ।[२१] बहादुर शाहको योजनाअनुसार अघि बढेको नेपाली सेनाले वि.सं. १८४३ ज्येष्ठ १० गते कालीगण्डकी तरी वि.सं. १८४३ मार्ग ७ गते भेरी नदीसम्म आफ्नो विजयअभियान पुऱ्यायो ।[२२]

वि.सं. १८४३ आषाढमा श्रीजङ कम्पनीका सुबेदार चक्रपाणि खनालले भगीरथ जैसीलाई लेखेको पत्रमा पर्वत मारेर भेरी साँध लागेपछि सरकार र भारादारहरूबाट दिने कुरा पाउनेछौ, अहिलेलाई श्रीजङ कम्पनीबाट रु.२००। को शिरपाउ दिनेछौँ, राम्ररी साइत हेर भनी लेखिएको छ ।[२३] यताबाट यस वेला भगीरथ जैसी सैन्यसँगै विजय अभियानमा हिँडेका देखिन्छन् । वि.सं. १८४१ वैशाखमा श्री ५ रणबहादुरबाट देवकोटका उमराहरूलाई लेखेको पत्रमा पर्वत हान्ने कुरा परेको छ ।[२४] सो पत्र भगीरथ जैसीको संग्रहमा पाइएबाट भगीरथ जैसी त्यस लडाइँमा पनि गएको अनुमान हुन्छ ।

वि.सं. १८४३ कार्तिकमा श्री ५ रणबहादुर शाहले काजी जीव शाह, सर्दार पारथ भँडारी, सुरवीर खत्री र अम्बरसिंह रानालाई लेखेको पत्रमा कास्कीका राजाले भगीरथ जैसीलाई दिएको बिर्ता अरूहरूले खाइरहेकोमा तिनीहरूबाट फिर्ता गरी उनलाई दिलाइदेउ भनी लेखिएको छ ।[२५] भगीरथ जैसीको ज्योतिष ज्ञानबाट प्रभावित भई कास्कीका राजाले आफ्ना राजज्योतिषीकी छोरी मागेर कन्यादान दिई ज्वाईंको रूपमा सम्मानपूर्वक राखेका थिए, तर केही काल कास्कीमा बसेपछि ती सबै कुरा छोडी आफ्नो गोरखामा भगीरथ फर्के भन्ने परम्परा देवकोटपरिवारमा छ ।[२६] माथिको पत्रबाट यस कुरामा प्रामाणिकता भएको झल्को आउँछ । भेरीसम्मको

CC-0. Nepal Sanskrit Academy, Kathmandu
एकीकरणअभियानमा भगीरथ जैसीले राम्ररी काम गरेकाले त्यसको पुरस्कारको रूपमा पनि उनले यो पाएको देखिन्छ।

लकाङका परशुराम गोतामे, काशीराम गोतामे र शुकदेव गोतामेसँग रु. ८८०। मा भगीरथ जैसीले जग्गा किनेका थिए। त्यसको उल्लेख गरी वि.सं. १८४८ वैशाखमा श्री ५ रणबहादुर शाहको नामको लालमोहरबाट त्यसबापत लाग्ने सरकारी दस्तूर लिई पत्र गरिदिइएको छ।[२७] आजभोलिको भाषामा भन्ने हो भने त्यस जग्गाको रजिस्ट्रेसन गरिएको छ। यताबाट त्यस वेला भगीरथ जैसीमा सम्पन्नता आइसकेको थियो भन्ने कुरा पनि बुझिन्छ।

वि.सं. १८४९ भाद्रमा श्री ५ रणबहादुरको नामबाट भएको रुक्कामा भगीरथ जैसीलाई लिग्लिग र कुडहरको जग्गा थामिदिएको कुरा परेको छ।[२८] वि.सं. १८४९मा नेपाल-तिब्बत-चीनयुद्ध हुँदा भगीरथ जैसीले साइत हेर्नुको साथै अरू काम पनि गरेका थिए भन्ने परम्परा देवकोटापरिवारमा छ। सरकारले अनुग्रह गरी लेखिदिएको यस पत्रबाट यस कुराको पुष्टि हुन्छ। यसरी बहादुर शाहको नेतृत्वमा वि.सं. १८४३ देखि १८४९ सम्म चलेको एकीकरणअभियानमा[२९] भगीरथ जैसीको पूर्ण संलग्नता देखिन आएको छ।

भगीरथ जैसीले लिग्लिग बस्ने मणिराम कट्टेलसँग जग्गा किनेका थिए, रु. ८४०। मा किनिएको जग्गाको प्रामाणिकताको लागि तात्कालिक समयमा गरिने चलनअनुसार राजस्व लिई वि.सं. १८५० चैत्रको श्री ५ रणबहादुर शाहको लालमोहरद्वारा प्रमाणित गरिदिइएको छ।[३०]

लक्ष्मीपति गोतामेको जग्गा रु.१५०। मा भगीरथ जैसीले बन्धक लिएको पत्र पाइएको छ। शाके १७१८ मासे १० दिनगता १५ जाँदा भनी त्यस पत्रमा लेखिएको छ।[३१] शाके १७१८ अर्थात् वि.सं १८५३मा लेखिएको त्यस पत्रमा परेको मासे १० दिनगता १५ जाँदा भन्नेबाट गतेको चलन पहिलेदेखि नै थियो भन्ने कुरामा[३२] थप प्रकाश परेको छ।

वि.सं १८५६ वैशाखको श्री ५ गीर्वाणयुद्धविक्रम शाहको रुक्कामा भगीरथ जैसीको जग्गा सरकारले लिई अर्को ठाउँमा सट्टा जग्गा दिएको कुरा परेको छ, उनले पाएको सट्टा जग्गामा भगीरथको मागबमोजिम ठाँटी, पौवा बनाउने अनुमति पनि त्यस पत्रमा दिइएको छ।[३३] आफ्नो निजी जग्गामा ठाँटी पौवा बनाउने

CC-0. Nepal Sanskrit Academy, Kathmandu
भगीरथ जैसीको यस कार्यबाट उनमा रहेको धार्मिकता, सामाजिकता प्रकट हुन्छ ।

वि.सं. १८३२मा जन्मेका श्री ५ रणबहादुर शाह वि.सं. १८४९ मा १७ वर्ष पुगी १८ वर्षमा हिँडिरहेका थिए । काका राजकुमार बहादुर शाहको अनवरत परिश्रमले पृथ्वीनारायण शाहले कमाएको राज्यभन्दा ३ गुना बढी राज्य कमाइएको थियो तापनि अढाइ वर्षमा राजा भएका, तर राजोचित शिक्षा नपाएका रणबहादुरको मनमा यसको महत्त्व घुसेको थिएन । त्यसैले नेपाल-चीनयुद्धमा भएको नेपालको हानिको कुरा उठाएर बहादुर शाहको मानमर्दन गर्ने कार्यमा रणबहादुर शाह लागेका थिए । बहादुर शाह पनि रणबहादुर शाहको यस कार्यमा अवरोध खडा गर्ने काममा नलागी खुरुक्क शासनभार छोड्ने पक्षमै थिए र उनले क्रमशः शासन छोडे पनि । बहादुर शाहले शासन छोडेपछि स्थिति क्रमशः बिग्रँदै गयो । रणबहादुर शाहको नजरमा परेकी विधवा मैथिल ब्राह्मणी कान्तवती गर्भिणी भएपछि शासनबाट हटी धर्मकर्म गरी बसिरहेका बहादुर शाहको स्थिति अझ बिग्र्यो र उनी थुनामा परे । थुनामा रहेको अवस्थामै वि.सं. १८५४ आषाढमा बहादुर शाहको मृत्यु भयो पनि । वि.सं. १८५४ आश्विन १९ गते कान्तवतीको गर्भबाट गीर्वाणयुद्धविक्रम शाहको जन्म भयो । रणबहादुर शाहका दुइटा छोरा यसभन्दा अघि जन्मेका थिए । सुवर्णप्रभाको गर्भबाट वि.सं. १८५१ मा जन्मेका रणोद्योत शाह र उनैको गर्भबाट वि.सं. १८५२ मा जन्मेका समरशेर शाह गीर्वाणयुद्धविक्रमभन्दा जेठा थिए । आफ्नो स्वास्थ्य बिग्रँदै गएकाले आफूपछि के होला भन्ने आशङ्काले ग्रस्त रानी कान्तवतीको आग्रहमा श्री ५ रणबहादुर शाहले कान्छा छोरा गीर्वाणयुद्धविक्रम शाहलाई राज्याभिषेक गरी राजा बनाए । वि.सं. १८५५ फाल्गुन २८ गते गीर्वाणयुद्धविक्रम राजा बनाइँदा डेढ वर्षका थिए भने रणबहादुर शाह २३ वर्षका थिए । मैले राज्यको सुखभोग सबै गरिसकेँ मलाई परत्र सपार्ने इच्छा भयो भनी रणबहादुर जोगी भए । महारानी कान्तवतीको रोग बढ्दै गयो र उनको रोग हटाउन धेरै वैद्यहरू उपचारमा संलग्न भए, विभिन्न देवमन्दिरमा पूजाआजा गरियो । तर रोग निको भएन र वि.सं. १८५६ कार्तिक १९ गते कान्तवतीको निधन भयो । यसपछि रणबहादुर शाह विक्षिप्त जस्ता भए । पहिले पूजा गरिएका देवताहरूको अपमान गर्ने, औषधि गर्ने वैद्यहरूलाई कडा दण्ड दिने आदि काम गर्न रणबहादुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागे । यसको साथै छोरा गीर्वाणयुद्धको नामबाट चलेको राजकाजमा पनि उनले अनावश्यक हस्तक्षेप गर्न थाले । यसरी उनको व्यवहारबाट आजित भएर दामोदर पाँडे आदि भारादारहरूले ३ वर्षका राजा गीर्वाणयुद्धलाई लिएर नुवाकोटमा राजधानी सार्नुपऱ्यो । यसबाट रणबहादुर शाह बढी अप्रसन्न भए र पाटनको पुलचोकमा आफ्नो मुकाम खडा गरी म फेरि राजा भएँ भनी आफ्ना छोराको विरुद्धमा लड्ने घोषणा गरे । अन्त्यमा वैधानिक रूपमा रहेका छोराको पक्ष बलियो देखेर वि.सं. १८५७ ज्येष्ठ ८ गते पुलचोक छोडी उनी काशीतिर लागे । काशीमा रही नेपालमा रहेका आफ्ना अनुकूलका मानिससँग सम्पर्क बढाउने काम, अङ्ग्रेजसँग हात बढाउने काम इत्यादि काममा रणबहादुर शाह लागिरहे । नेपालको राजनीति आफ्नो अनुकूल भएको सम्झी काशीबाट हिँडेका रणबहादुर शाह स्वामीको रूपमा वि.सं. १८६० फाल्गुन २१ गते काठमाडौँ आइपुगे र आफ्नो विराधीको दमन गरी बालक छोरा राजा गीर्वाणयुद्धविक्रमको अभिभावकत्व ग्रहण गर्न पुगे । रणबहादुर शाह काशीमा गएको वेला नेपालको राजनीतिमा निकै उथलपुथल भयो । कीर्तिमानसिंह बस्न्यात आदि केही भारदार मारिए । अङ्ग्रेजसँग वाणिज्यसन्धि भयो । तर दामोदर पाँडे आदि भारादारहरूको देशभक्तिले गर्दा अङ्ग्रेजबाट खटाइएका दूत नक्सले आफ्नो दाल गल्ने देखेनन् र काठमाडौँ छाडी फर्के । त्यसपछि इष्ट्इण्डिया कम्पनी सरकारले नेपालसँगको सन्धि तोडिएको घोषणा गऱ्यो । यस उथलपुथलको समयमा कोही कतापट्टि, कोही कतापट्टि लागे ।[३४] यस समयमा भगीरथ जैसी कतापट्टि लागेका थिए, सामग्रीको अभावमा स्पष्टसँग भन्न सकिँदैन तापनि विचार गर्ने केही आधार भने छ ।

वि.सं. १८५७ वैशाखमा श्री ५ गीर्वाणको भाकाबाट भगीरथ जैसीलाई लेखेको पत्रमा लमजुङ जित्दा कास्की थाप्ता साइत हेरेबापत दिएको बिर्ता, कस्क्यालीले दिएको कुशबिर्ता, पर्वत जित्दा साइत हेरेबापत पाएको बिर्ता पछि कृष्णानन्द लोहनीले जफत गरेको फिर्ता गऱ्याँै भनी लेखिएको छ ।[३५]

वि.सं. १८५७ ज्येष्ठमा श्री ५ गीर्वाणको भाकाबाट भगीरथ जैसीलाई लेखेको पत्रमा देउकोटको कुसबिर्ताको ३ भागको १ भाग उमराले खान पाउने भएकोमा उमरालाई हटाई पूरै भगीरथ जैसीले खान पाउने गरिएको छ भनी लेखिएको छ ।[३६]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८५८ माघमा श्री ५ गीर्वाणको भाकाबाट भगीरथ जैसीलाई लेखेको पत्रमा कास्की कुँडहरको जग्गा सरकारले लिई त्यसको साटो गोरखा लकाडअन्तर्गतका ठाउँका जग्गा दिएको कुरा लेखिएको छ ।[३७]

वि.सं. १८५८ फाल्गुनमा श्री ५ गीर्वाणको लालमोहरबाट भगीरथ जैसीलाई जग्गा दिएको कुरा बुझिन्छ । ब्राह्मणलाई दिइने परम्पराअनुसार कुशबिर्ताको रूपमा यो जग्गा दिइएको छ ।[३८]

वि.सं. १८५८ फाल्गुनको श्री ५ गीर्वाणको नामको रुक्काबाट भगीरथ जैसीलाई झारा, हुलाक, बेठबेगार माफ गरिदिइएको छ ।[३९]

वि.सं. १८५९ ज्येष्ठमा श्री ५ गीर्वाणको भाकाबाट काशी पाँडे, हरि अर्ज्याल, भानु खनाल, बाका पन्त, वंशवीर राना, बिरु बोहरालाई लेखिएको पत्रमा सरकारसँग सट्टापट्टा गरेको भगीरथ जैसीको जग्गामा बढी जग्गा पऱ्यो भनी तिमीहरूले झिकेछौ, बढी परेको भए पनि अघि भएको निगाहबमोजिम झिक्ने काम नगर, कायमै राख भनी लेखिएको छ ।[४०]

काजी बखतवारसिंह थापा र खजाञ्ची जगनले गादीममारख उठाउन जाने मानिसहरूलाई भगीरथ जैसीको जग्गामा त्यो कर नलाउनू भनी वि.सं. १८५९ श्रावणमा लेखेका छन् ।[४१]

वि.सं. १८५९ पौषमा काजी बखतवारसिंह थापा, काजी नरसिंह गुरुङ र खजाञ्ची जगनले गादीममारख उठाउन जाने मानिसहरूलाई लेखेको पत्रमा भगीरथ जैसीको जग्गामा त्यो कर नलाउनू भनी लेखिएको छ ।[४२]

यी पत्रहरूको अनुगमनबाट त्यस वेलाका शासकहरू भगीरथ जैसीसँग प्रसन्न देखिन्छन् । यस कारण रणबहादुरको पक्षविपक्षमा चलेको त्यस समयमा भगीरथ जैसी संस्थापन पक्षमा लागेको देखिन आएको छ । सर्दार अमरसिंह थापाले भगीरथ जैसीलाई लेखेको पत्रमा स्वामी महाराजबाट काजी दामोदर पाँडे र मसँग भगीरथ जैसी कहाँ छन् भनी सोधनी भयो, हामीले भगीरथ जैसी पाल्पा गएका छन् भनी भन्यौँ, पाल्पा गएका भए पनि चाँडै झिकाउ भनी मर्जी भयो र लिन हल्कारा पठाएको छ, हल्कारासँगै आउनुपऱ्यो भनेर लेखिएको छ ।[४३] यताबाट स्वामी महाराज अर्थात् रणबहादुर शाहले पनि भगीरथ जैसीलाई आफ्नो पक्षमा तान्न कोशिश गरेको बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाके १७२३ अर्थात् वि.सं. १८५८ मा तुलाराम लुइँटेलले भगीरथ जैसीलाई आफ्नो जग्गा बाँधा दिएका थिए । यहाँ पनि गतेको प्रयोग भएको छ ।[४४]

वि.सं. १८६० फाल्गुन २१ गते काठमाडौँ फर्केका रणबहादुर शाह दामोदर पाँडे आदि भारादारहरूको नाश गरी शासनमा आए । वि.सं. १८६२ फाल्गुनमा छोरा राजा गीर्वाणयुद्धविक्रम शाहको मुख्तियार बनी शासन गर्न लागेका रणबहादुर शाह वि.सं. १८६३ वैशाख १४ गते सौतेनी भाइ शेरबहादुर शाहको हातबाट मारिए । रणबहादुर शाहसँग काशी गई उनलाई काशीबाट फिर्ता ल्याई शासनमा आएका भीमसेन थापाले यस अवसरको उपयोग गरे । शेरबहादुर शाह, विदुर शाह, नरसिंह गुरुङ, त्रिभुवन प्रधान आदि भारदारको साथै पाल्पाली राजा पृथ्वीपाल सेनको पनि नाश गराई भीमसेन थापा सर्वशक्तिमान् बने । यसपछि पृथ्वीनारायण शाहको पालादेखि चार वर्ण छत्तीस जातको फूलबारीको रूपमा रहेको नेपालको शासन क्रमशः पारिवारिक शासनको रूपमा परिणत हुने क्रम शुरू भयो ।[४५]

वि.सं. १८६१ वैशाखको श्री ५ गीर्वाणको लालमोहरमा भगीरथ जैसीलाई बिर्ता दिइएको र धेरै विषयको कर छूट गरिदिएको कुरा परेको छ ।[४६]

वि.सं. १८६१ कार्तिकमा काजी दलभञ्जन पाँडे र काजी अमरसिंह थापाले कर उठाउन जाने मानिसहरूलाई भगीरथ जैसीको बिर्तामा ३ वटा करबाहेक अरू माफ छ, नउठाउनू भनी लेखेका छन् ।[४७]

शाके १७२६(वि.सं. १८६१) माघ १५ गते रु. ३०१। मा भगीरथ जैसीले मुकुन्द अधिकारीको जग्गा बन्धक लिएका थिए । यहाँ पनि गतेको प्रयोग भएको छ ।[४८]

भगीरथ जैसी देवकोटालाई वि.सं. १८६१ चैत्रमा श्री ५ गीर्वाणबाट गरिदिएको ताम्रपत्रमा वि.सं. १८६१ वैशाखमा पाल्पामा काममा पठाउँदाको रिझबापत जग्गा दिइएको हो भनी लेखिएको छ ।[४९]

श्री ५ गीर्वाणको वि.सं. १८६२ चैत्रको रुक्कामा भगीरथ जैसीलाई वि.सं. १८६१ मा दिएको कुशबिर्तालाई थामिदिएको कुरा परेको छ । लकाङ गाइखुरपट्टि जग्गाजमीनको जाँच गर्न गएका कर्मचारीहरूलाई लेखिदिएको पत्रमा यो लेखिएको हो ।[५०]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रणबहादुर शाहको मृत्यु भएपछि भीमसेन थापाको शासनमा एकाधिकार भयो । बूढा पुराना पाका भारादारहरूलाई केन्द्रमा नराखी बाहिर पठाउने नीति उनले लिएका थिए । पृथ्वीनारायण शाहको पालादेखिका भारादारहरूको प्रयत्नले नेपालको विजययात्रा पनि अघि बढ्दै गयो । सतलजपारिको काँगडाराज्यको प्रसिद्ध काँगडाकिल्ला एउटा छोडेर नेपाली सेना चम्बासम्म पुग्यो । अन्त्यमा सीख सेनासँग लडाइँ भई सतलजपारिको प्रदेश छोडी सतलजवारि वि.सं. १८६६ मा आई बस्न बडाकाजी अमरसिंह थापाहरू बाध्य भए । आफ्नो अधिकार बढाउँदै वि.सं. १८६८मा भीमसेन थापा जनरल भए ।[५१]

वि.सं. १८६१मा भगीरथ जैसीले मुकुन्द अधिकारीको जग्गा बन्धक लिएका थिए, सो जग्गा पछि सरकार लागेको थियो । त्यसै कुरालाई उल्लेख गरेर वि.सं. १८६३ फाल्गुनमा काजी रणजित् पाँडे, काजी भीमसेन थापा, काजी रणध्वज थापा, काजी बालकृष्ण कुँवर र काजी बहादुर भँडारीले मुकुन्द अधिकारीलाई भगीरथ जैसीले बन्धक लिएको जग्गामा रु. १ सय नपुगी कागत गरिदिएकोमा त्यो जग्गा सरकार लागेपछि भगीरथ जैसीले रुपैयाँ तिर्नुपर्दैन भनी लेखेका छन् ।[५२]

वि.सं. १८६५ वैशाखमा श्री ५ गीर्वाणले लिग्लिग, लकाङमा चुमावन (व्रतबन्धमा लाग्ने कर) उठाउन जाने अधिकारीहरूलाई भगीरथ जैसीको बिर्तामा सो कर माफी छ, नलेउ लिएको भए पनि फिर्ता गरिदेऊ भनी लेखेका छन् ।[५३] श्री ५ गीर्वाणको व्रतबन्ध वि.सं. १८६५ वैशाखमा भएको थियो ।[५४] यसैलाई यहाँ लक्ष्य गरिएको हो ।

वि.सं. १८६५ श्रावणमा काजी रणजित् पाँडे र काजी भीमसेन थापाले लिगलिग खुर्पाजुङका द्वारेहरूलाई लेखेको पत्रमा भगीरथ जैसीको जफत भएको जग्गामा भएको कटहरको रूखबाट आएको कटहर तिमीहरूले खाँदा रहेछौ, कटहर नखाई भगीरथ जैसीलाई नै खान दिनू भनी लेखिएको छ ।[५५] यताबाट त्यस ताका भगीरथ जैसीको जग्गा जफत भएको देखिन्छ ।

वि.सं. १८६५ कार्तिकको श्री ५ गीर्वाणको रुक्कामा कर उठाउन जानेहरूलाई भगीरथ जैसीलाई वि.सं. १८६१मा दिएको जग्गामा कर नलाउनू, लागिसकेको भए पनि फिर्ता देऊ भनी आज्ञा दिइएको छ ।[५६]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काजी रणजित् पाँडे र काजी रणध्वज थापाले देउकोट गाइखुरका अमालीदारहरूलाई भगीरथ जैसीका मोहीहरूसँग कर नलिनू भनी वि.सं. १८६५ पौषमा लेखेका छन् ।[५७]

वि.सं. १८६६ आश्विनमा श्री ५ गीर्वाणले भगीरथ जैसीलाई दिएको लालमोहरमा काँगडा पठाउँदा र पर्वत जित्दाको रिझमा बिर्ता दिएको कुरा परेको छ ।[५८]

वि.सं. १८६६ आश्विनमा श्री ५ गीर्वाणले भगीरथ जैसीलाई लेखिदिएको रुक्कामा मकुऱ्या अधिकारीसँग भगीरथ जैसीले किनेको जग्गा गूठी राखेकोमा त्यसलाई सदर गरी गूठी भोग गर्न दिएको कुरा परेको छ ।[५९]

श्री ५ गीर्वाणको वि.सं. १८६६ आषाढको रुक्कामा भगीरथ जैसीलाई केही कामको सलाहको लागि तिमी यहाँ आउनुपऱ्यो, यस कारण लालमोहर पुग्नेबित्तिकै हुकूमको साइत गरी काठमाडौँ आइपुग भनी लेखिएको छ ।[६०] वि.सं. १८६५ चैत्रमा श्री ५ गीर्वाणले जयकृष्ण लम्साल जोशीलाई काँगडाको काज पुग्नेछ भनी तिमीले पठाएको पत्र जाहेर भयो, ज्योतिषीले गर्नुपर्ने काम गऱ्यौ, अब पनि थापाकाजी अर्थात् बडाकाजी अमरसिंह थापाले लाएअह्राएअनुसार साइत हेरी काँगडा चाँडै जित्ने काम गराऊ भनी लेखिएको छ ।[६१] वि.सं. १८६८ मार्गको श्री ५ गीर्वाणको पत्रमा जयकृष्ण लम्साललाई भगीरथलाई खारेज गरी भगीरथको खायल दिई खर्दारी मानसहित अमरसिंह थापाकहाँ पठाइएको कुरा लेखिएको छ ।[६२] नेपालले काँगडा विजय गर्न निकै प्रयत्न गरेको थियो । त्यस अभियानमा नेपालको निकै धनजनको क्षति भएको थियो । वि.सं. १८६३मा भीमसेन थापाका भाइ नयनसिंह थापाको पनि काँगडाको युद्धमा मृत्यु भएको थियो ।[६३] काँगडा विजय गर्न नेपालीहरू त्यसमा पनि त्यहाँका प्रशासक बडाकाजी अमरसिंह थापा बढी उत्सुक थिए ।[६४] काँगडाको काममा भएको असफलता यसरी अमरसिंह थापासँग जोडिएको थियो । भगीरथ जैसीले साइत आदि विषयमा अमरसिंह थापासँग राय बझाएका हुन सक्छन् । यसैले जयकृष्ण लम्साललाई त्यहाँ पठाइएको हुन सक्छ ।

वि.सं. १८६६ आश्विनको श्री ५ गीर्वाणको रुक्कामा बलवन्त रानाले पाएको लालमोहरअनुसारको लकाडको जग्गा बलवन्तबाट हटाई भगीरथ जैसीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu
जागीरको रूपमा दिएको कुरा परेको छ । त्यस पत्रमा भगीरथ जैसीलाई खर्दार भनिएको छ ।[६५] त्यसताका ज्योतिषीहरूलाई खरीदार बनाउने चलन थियो । उदाहरणको रूपमा विश्वेश्वर जोशी, लक्ष्मीपति पाँडे, लीलानाथ पाँडे, इन्दीवर जोशी, विश्वनाथ पाँडे, इच्छाराम जोशी, श्रद्रदेव लोहनी ज्योतिषीको साथै खरीदार भएको कुरा देखाउन सकिन्छ ।[६६] त्यस वेलाको क्रमअनुसार खरीदार दर्जा निजामतीतर्फको उच्त तहको मानिन्थ्यो ।[६७]

वि.सं. १८६६ आश्विनमा श्री ५ गीर्वाणबाट भएको लालमोहरमा भगीरथ जैसीलाई छोरा भास्करसमेतके खर्दारी मानको पगरी बक्स्याँ भनी लेखिएको छ । त्यसमा रमापति जैसिको छोरा, कमलापति जैसिको छोरा पद देउकोटा वतन लकाङ भनी भगीरथको परिचय गराइएको छ । खर्दार जागीरबापत भगीरथ जैसीलाई जग्गा तथा नगद दुवै दिइएको छ । भगीरथ जैसीले मुहुडामा काजी अमरसिंह थापाका साथ रही आफूलाई लाएअह्राएको काम गर्नू भनेर पत्रमा लेखिएको छ ।[६८] भास्कर भगीरथका कान्छा छोरा हुन्[६९] र यस वेला उनी काम गर्न सक्ने योग्य भइसकेका देखिन्छन् ।

वि.सं. १८६७ वैशाखमा अमृतसिंह थापाले नालापानीबाट आफ्ना दाज्यू भीमसेन थापालाई लेखेको पत्र छ । सो पत्र भगीरथ जैसीको बारेमा बुझ्न महत्त्वपूर्ण साधनको रूपमा रहेको छ । नालापानीमा रहेका सिपाहीलाई लाइदिनको लागि चाँदतोडा आदि काठमाडौँबाट पठाइएको, ती साम्रग्री बाबा अर्थात् पाल्पामा बसेका अमरसिंह थापामातहतका सिपाहीले ल्याएको, भगीरथ जैसीले दिएको साइतबमोजिम लगाइदिएको कुरा त्यहाँ लेखिएको छ । सैनिकहरूलाई यमुनापारि लानको लागि भगीरथ जैसीले साइत हेर्दा हाल साइत नभएकाले तर्न मिल्दैन भनी भनेकाले यमुना तर्ने काम भएको छैन भनी त्यस पत्रमा लेखिएको छ । त्यही प्रसङ्गमा बूढाकाजी अर्थात् बडाकाजी अमरसिंह थापाले पहिले यमुना तर्दा पनि साइत थिएन, त्यसैले हाम्रो हानि भएको हो, अहिले पनि साइत नभएकाले भगीरथ जैसीको सल्लाहबमोजिम नतरिएको हो भनी पत्रमा लेखिएको छ । अहिले शतरुद्रा अर्थात् सतलज तर्न पनि पछिल्तिर आफ्नो पूरा मजबूती नगरी तर्दा काम बन्दैन जस्तो लाग्छ भनेर पनि त्यस पत्रमा लेखिएको छ । पञ्जाबका राजा रणजित्सिंहको विषयमा पनि चर्चा गरिएको यस पत्रबाट वि.सं. १८६६मा सतलजवारि आउन बाध्य भए पनि मौका पर्दा सतलज तर्ने नेपालीहरूको मनसुवा देखिन्छ । यस वेला

CC-0. Nepal Sanskrit Academy, Kathmandu
भगीरथ जैसी नालापानीमा रहेका र उनको सल्लाह अमृतसिंह थापाले राम्ररी नै मानेको कुरा यस पत्रबाट बुझिन्छ ।[७०] जयकृष्ण लम्सालले काँगडा जितिन्छ भनी भने तापनि वि.सं. १८६६ आश्विनमा नेपाली सेना सतलजपारिको मुलुक छोडी आउन विवश भएको थियो ।[७१]

वि.सं. १८६१को बर्खामा नेपालको कब्जामा पाल्पा आएपछि त्यसको प्रशासकको रूपमा काजी अमरसिंह थापा रहेका थिए ।[७२] साना अमरसिंह थापा भनी कहिने उनी मुख्तियार भीमसेन थापाका बाबु हुन् ।[७३] वि.सं. १८६८ भाद्रमा काजी भीमसेन थापाले भगीरथ जैसीलाई लेखेको पत्रमा बाबाका साथमा पाल्पाको काजमा तिमीलाई पठाउँदा श्री ५ स्वामीज्यूबाट ताँवापत्र गरी बक्सेको जग्गामा अन्यथा हुँदैन, बाली खाऊ र ताँवापत्रबमोजिम चलन गर भनी लेखिएको छ ।[७४] यहाँ बाबा भनेका अमरसिंह थापा हुन् र उनी यस वेला पाल्पाका प्रशासक थिए । श्री ५ स्वामीज्यू भनेका रणबहादुर शाह हुन् र यस वेला उनको देहान्त भएको ५ वर्ष भइसकेको थियो ।

वि.सं. १८६९ वैशाखमा श्री ५ गीर्वाणबाट गरेको रुक्कामा लुइँटेलडाँडाको जग्गा र महादेवको गूठीमा रहेको जग्गा वि.सं. १८६२मा जफत भएकोसमेत भगीरथ जैसीलाई फिर्ता गरिदियौँ भनी लेखिएको छ । त्यस रुक्कामा यसमा वीरु जैसीको लाग नास्ति भनेर पनि लेखिएको छ ।[७५] वीरु जैसी भनेका भगीरथका साहिँला छोरा वीरभद्र हुन् ।[७६] यसताका भगीरथसँग वीरभद्रको कुरा नमिलेको र त्यसैले वीरभद्रलाई हटक गर्न वीरु जैसीको लाग नास्ति भनी लेखिएको हो ।

जनरल भीमसेन थापाले भगीरथ जैसीलाई मकवानपुरको गढी बनाउने साइत हेरियो, तिमीसँग सल्लाह गरी काम गर्नुपर्नेछ, पत्र देख्नेबित्तिकै चाँडै यहाँ अर्थात् काठमाडौँ आइपुग भनी पत्र लेखेका छन् ।[७७]

दलभञ्जन पाँडेले भगीरथ जैसीलाई लेखेको पत्रमा श्रीमेहर कम्पनीको निशान फाटेकोले राम्रो साइत हेरी तिम्रो हस्ताक्षरले लेखी हरिलाल उपाध्यायको हातमा पठाइदिनू भनी लेखिएको छ ।[७८]

श्री ५ गीर्वाणबाट वि.सं. १८७१ वैशाखमा भगीरथ जैसीलाई लेखेको रुक्कामा तिम्रो बिर्ता जफत गई गोरखकम्पनीमा गएकोमा वि.सं. १८७१ वैशाखदेखि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरखकम्पनीबाट झिकी तिमीलाई फिर्ता गरिएको छ, लालमोहर पाउनेबित्तिकै जर्नेल अमरसिंह थापाकहाँ पाल्पामा पुगी उनले लाएअह्राएको काम गर्नू भनी लेखिएको छ ।[७९]

वि.सं. १८७१ आषाढमा काजी रणध्वज थापा र कर्णेल रणवीरसिंह थापाले लक्ष्मण थापालाई लेखेको पत्रमा भगीरथ जैसीको बिर्ता जफत हुँदा दण्ड लाग्छ भनी गरिएको दण्ड फिर्ता गरिदेऊ यस्तोमा दण्ड लाग्दैन भनी पाल्पा श्री ६ बाबाज्यू अर्थात् अमरसिंह थापाबाट पनि दस्तखत भएको रहेछ, सो कुरा हामीले पनि थामिदियौँ भनी लेखिएको छ ।[८०] काजी रणध्वज थापा बूढाकाजी अमरसिंह थापाका छोरा[८१] तथा कर्णेल रणवीरसिंह थापा सानाकाजी जनरल अमरसिंह थापाका छोरा[८२] हुन् ।

वि.सं. १८७१ भाद्रमा कर्णेल रणवीरसिंह थापाले भगीरथ जैसीको बिर्ता फुकेपछि पनि लक्ष्मण थापाले मनोमान गरी पुरानो मोही उठाई खेत रोप्न लगाएकोमा यसो गर्न पाइँदैन भनी लक्ष्मण थापालाई लेखेका छन् ।[८३]

वि.सं. १८७१ कार्तिक ७ गते महाष्टमीको दिन जनरल अमरसिंह थापाको ५५ वर्षको उमेरमा मृत्यु भयो ।[८४] त्यसपछि पाल्पाको शासन सह्माल्न उनका नाति, काजी नयनसिंह थापाका जेठा छोरा १९ वर्षका उजीरसिंह थापा पाल्पा पठाइए ।[८५] भगीरथ जैसीलाई लेखिएको श्री ५ गीर्वाणको वि.सं. १८७१ कार्तिकको पत्रमा पाल्पाको अख्तियारी कर्णेल उजीरसिंह थापालाई दिइएको छ, त्यहाँको शासनभार सह्माल्न वि.सं. १८७१ कार्तिक २६ गतेको साइत गरी हामीसँग बिदा लिई काठमाडौँबाट पाल्पातिर हिँड्छन्, उजीरसिंह थापासँग रही ज्योतिषी काम गर्नू, घर आउने काम नगर्नू, पाल्पामै बस्नू भनी लेखिएको छ ।[८६] यताबाट अमरसिंह थापाको समयमा वि.सं. १८७१ वैशाखको श्री ५ गीर्वाणको रुक्काबमोजिम पाल्पा पुगेका भगीरथ जैसी अमरसिंह थापाको मृत्यु हुँदा पाल्पामा रहेका र उजीरसिंह थापा भरखरैका भएकाले उनको सहयोगको लागि भगीरथलाई पाल्पामै बस्न विशेष जोड गरिएको देखिन्छ ।

वि.सं. १८७१ कार्तिक ७ गते पाल्पाका शासक अमरसिंह थापाको मृत्यु भएको भोलिपल्ट कार्तिक ८ गते अङ्ग्रेजी फौज देहरादुनमा आयो ।[८७] कार्तिक १० गते र १७ गते अङ्ग्रेजी फौज र नेपाली फौजको नालापानीमा लडाइँ भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर यो युद्धमा असफल भई अङ्ग्रेजी फौज फर्क्यो।[८८] वि.सं. १८७१ कार्तिक १८ गते लखनौबाट ईष्ट इण्डिया कम्पनीका गभर्नर जनरल लर्ड हेस्टिङ्सले नेपालसँग युद्ध घोषणा गरेका हुन्। तर विधिवत् रूपमा युद्ध गर्ने घोषणा गर्नुभन्दा १२ दिन-अघि नै अङ्ग्रेजी सेना नेपालमा घुसिसकेको थियो।[८९] पाँचवटा नाकामा लडाइँ खोलेको अङ्ग्रेजले तीनवटा नाकामा लडाइँ हाऱ्यो। अङ्ग्रेज हारेको र नेपालले जितेको नाकामा बुटवलको जितगढी पनि पर्छ।[९०] बुटवलमा भएको यस युद्धमा हाम्रा भगीरथ जैसी पनि जोडिएका छन्। त्यसैले यस विषयमा केही लेखिन्छ।

अङ्ग्रेजले पाल्पा कब्जा गर्ने लक्ष्य लिएको छ भन्ने थाहा पाएका नेपालीहरूले त्यतातिरको रक्षा गर्न व्यवस्था गरेका थिए। त्यसको लागि पाल्पाको नुवाकोटगढीमा सैन्यसाथ कर्णेल उजीरसिंह थापा बसेका थिए भने बुटवलको जितगढीमा काजी वीरभञ्जन पाँडे सैन्यसाथ बसेका थिए। पाल्पाली राजाका मन्त्री भइसकेका कनकनिधि तिवारी र उनका छोरा पनि बाटो देखाउन अङ्ग्रेजी सेनासँगै आएका थिए। अङ्ग्रेजी सेनाले जितगढीमा आक्रमण गऱ्यो। धेरै फौज लिएर आएको अङ्ग्रेजी सेनाको नेतृत्व जर्नेल उडले गरेका थिए। ज्योतिषी भगीरथ जैसीले दिएको साइतमा नेपालीहरूले प्रत्याक्रमण गर्दा अङ्ग्रेजी सैन्य परास्त भयो र अङ्ग्रेजपट्टि निकै क्षति भयो। नुवाकोटगढीबाट कर्णेल उजीरसिंह थापा पनि हारगुहारको लागि जितगढी आएका थिए।[९१] वि.सं. १८७१ पौषमा भएको त्यस युद्धमा नेपालीहरूको हार भएको भए नेपालको मध्य भागमा रहेको त्यस प्रदेशबाट पनि नेपालको अस्तित्व गुम्थ्यो। यहाँनिर सम्झनुपर्ने कुरा के छ भने अङ्ग्रेजहरूले जुन जुन ठाउँमा नेपालीहरूलाई हराए, ती ती ठाउँका नेपाली वीरहरूको बढी प्रचार गरे। हारेका नेपालीहरूले पनि निश्चय नै वीरता प्रदर्शन गरेका थिए, त्यसो भए तापनि अन्त्यमा उनीहरूको हार हुन गयो। तिनलाई कसले हरायो त भन्दा अङ्ग्रेजले हरायो। त्यसैले ती ठूला वीरभन्दा पनि ठूला वीर त अङ्ग्रेजै हुने भए। तर जसले अङ्ग्रेजलाई हराए, त्यस्ता उजीरसिंह थापा, वीरभञ्जन पाँडे जस्ता वीरको चर्चा भएन।[९२] अमरसिंह थापाकै समयदेखि पाल्पामा बसी साइत हेर्ने आदि काम गरी राजकाजमा सहयोग गरिरहेका, अमरसिंह थापाको मृत्यु भएपछि लगत्तै पाल्पा पठाइएका उनका नाति उजीरसिंह थापासँग बसी पाल्पामा साइत हेर्ने आदि काम गर्नू भनी अह्राइएका, वि.सं. १८७१ पौषमा अङ्ग्रेजसँग भएको निर्णायक युद्धमा साइत हेरी नेपाली सेनालाई विजय दिलाउन समर्थ भएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भगीरथ जैसी पनि यस्तै चर्चा नभएका व्यक्तिमा पर्न आउँछन् । नेपालको प्रामाणिक इतिहासलेखनको सन्दर्भमा यस्ता व्यक्तिको यथोचित मूल्याङ्कनको आवश्यकता टड्कारो देखिन जान्छ । वि.सं. १८७२ वैशाखमा उजीरसिंह थापा र वीरभञ्जन पाँडेले जर्नेल भीमसेन थापा, काजी दलभञ्जन पाँडे र काजी रणध्वज थापालाई पाल्पा श्रीनगरबाट लेखेको पत्रमा र वि.सं. १८७२ ज्येष्ठमा उजीरसिंह थापाले श्री ५ गीर्वाणमा चढाएको अर्जीमा अङ्ग्रेजसँगको लडाइँ थामिएजस्तो भए पनि यसपछि हुने लडाइँको लागि आवश्यक तयारी गर्न भगीरथ जैसीले दिएको साइतमै अघि बढ्ने काम गर्छौं भनी लेखिएबाट[९३] पाल्पाका शासकहरूले भगीरथ जैसीको साइतले सफलता हासिल गरेकाले उनको कुरालाई बढी महत्त्व दिने गरेको बुझिन्छ ।

वि.सं. १८७४ आषाढको श्री ५ राजेन्द्रको रुक्कामा ७४ सालमा लगेको गादिममारख (राजा राजगद्दीमा बस्दा लाग्ने कर) तिम्रो जग्गामा माफ गरिदियौँ भनी भगीरथ जैसीलाई सम्बोधन गरी लेखिएको छ ।[९४] वि.सं. १८७३ मार्गमा श्री ५ गीर्वाणको मृत्यु भएपछि उनका छोरा राजेन्द्र राजा हुँदा[९५] लागेको कर यो हो ।

वि.सं. १८७५ श्रावणमा भगीरथ जैसी र उनका जीवित छोरा लक्ष्मण जैसी, वीरभद्र जैसी र भास्कर जैसीले लेखेको पत्रबाट त्यसभन्दा अघि नै उनीहरूको अंशबण्डा भइसकेको देखिन्छ । बाबु भगीरथ जैसीको लागि जिउनी सारी जेठा छोरा (कुलानन्द)का छोरा चक्रपाणि र अरू तीन जना छोराले बराबर पाउने गरी अंशबण्डा भएको थियो । अंशबण्डा भएपछि चक्रपाणि जैसीको पश्चिममा मृत्यु हुँदा उनकी पत्नी सती गएकीले अपुताली पर्दा अपुतालीको भाग बाँड्ने कुरामा घरसल्लाह नमिल्दा वीरभद्र जैसीले अंश नलिई बसिरहेकोमा पछि जनरल र कर्णेलको कचहरीमा गई कुरा मिलाई कागत गरिदिएको कुरा त्यसमा परेको छ ।[९६] वि.सं. १८७५ श्रावणको यही मितिमा जनरल भीमसेन थापाले वेणीमाधव उपाध्याय, हरिनन्द उपाध्याय, हरिनन्द देवकोटा, भवानी बराकोटी, भुजबल गुरुङ, कालु उपाध्याय, माधव देवकोटा, टीकाराम देवकोटा र श्याम मल्ललाई लेखेको पत्रमा भगीरथ जैसीको ज्यूनीबाहेक उनका छोराहरूलाई बराबर गरी अंश बाडिदेऊ भनी लेखिएको छ, यसको साथै पाल्पाबाट आएका भाँडा, पुस्तकसमेत बराबर गरी बाँडिदेऊ भनी लेखिएको छ ।[९७]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८६६को विजयादशमीको दिन तीन छोरा र एक नातिलाई अंशबण्डा गरी आफूलाई जिउनी राख्ने काम भगीरथ जैसीले गरेका थिए । पछि पश्चिममा चक्रपाणि (नाति)को मृत्यु हुँदा अपुताली पऱ्यो र अपुतालीको पनि अंशबण्डा गर्नुपऱ्यो भनी साहिँला छोरा वीरभद्र जैसीले भन्दा म छँदै अपुतालीको अंशबण्डा गर्न दिन्नँ भनी भगीरथले भन्दा त्यसो भए म अंशै लिन्नँ भनी वीरभद्रले भन्दा कुरा नमिली त्यसै रहिरहेको थियो । वि.सं. १८७५ श्रावणमा लेफ्टेन कर्णसिंह बोगटी, खरिदार इन्दीवर जोशी, सुब्बा महावीर कार्की, विचारी यज्ञनिधि तिवारी, लेखक साक्षी मेजर उमानाथ उपाध्याय राखी भगीरथका तीन छोरा लक्ष्मण जैसी, वीरभद्र जैसी र भास्कर जैसीले बाबा (भगीरथ) ले भिन्न भएदेखि जुन छोरालाई आफूसँग राख्नुहुनेछ, आफ्नो जीउनीमा रहेको सम्पत्ति खाई लाई दानपुण्य गरी उहाँको शेषपछि काजक्रिया गरी बाँकी रहेको तीन भाइले बराबर गरी लिने मञ्जूर छ भनी लेखिदिएका थिए । पत्रमा पश्चिममा चक्रपाणिको मृत्यु भयो भनी लेखिएको छ ।[९८] चक्रपाणि जैसी लडाइँमा जाँदा पश्चिमको झुलाघाटमा मृत्यु भएको भन्ने परम्परा देवकोटापरिवारमा छ ।

कर्णेल रणवीरसिंह थापा र काजी दलभञ्जन पाँडेले भगीरथ जैसीलाई वि.सं. १८७५ भाद्रमा यो साल मकवानपुरमा किल्ला बनाउने निर्णय भएकोले त्यसको लागि साइत हेर्न गोरख कम्पनीका सिपाहीसँग चाँडै काठमाडौँ आइपुग भनी लेखिएको छ ।[९९] यस वेला भगीरथ जैसी पाल्पामा रहेका र उनको साइत प्रामाणिक ठहरिएकोले उनी काठमाडौँ बोलाइएको देखिन्छ ।

वि.सं. १८७७ मार्गको श्री ५ राजेन्द्रको रुक्कामा बुटवलमा लडाइँ हुँदा साइत हेरेको रीझबापत तिमीलाई लिग्लिगको जग्गा दिइएको छ भनी भगीरथ जैसीलाई लेखिएको छ ।[१००]

वि.सं. १८७८ फाल्गुन ५ गते मकवानपुरगढीमा निशान प्रवेश गराउने साइत राजज्योतिषी लीलानाथ पाँडेले दिएकामा जर्नेल (भीमसेन थापा)लाई नजुरी साइत हुँदैन भनी भगीरथ जैसी आदिले विरोध गरेकाले त्यसमा प्रवेश भएन । यस कुरालाई लीलानाथ पाँडेले आफ्नो तिथ्यावलीमा फाल्गुनवदि ८ रो ५ मा छाउनी प्रवेशको विचार गऱ्याको भगीरथ्या प्रभृतिले जर्णैललाई नजुरी हुदैन भन्या र कंपुको प्रवेश भयेन भनी लेखेका छन्[१०१] भने आफ्नो पात्रोमा त्यही मितिमा छाउनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मकवानपूरगढीमा निसान प्रवेश भयेन भनी लेखेका छन् ।[१०२] लीलानाथ पाँडेले दिएको साइतमा भीमसेन थापालाई पनि जुराउनुपर्ने भनी भगीरथ जैसीले कुरा उठाएका र यो कुरा भीमसेन थापाले खाएकाले लीलानाथले दिएको साइतमा काम भएन, यसले गर्दा भगीरथ जैसीले गर्दा मैले दिएको साइतमा काम भएन भनी लीलानाथ भगीरथसँग अत्यन्त क्रुद्ध भए र भगीरथ्या भनी लेख्न पुगे भन्ने यताबाट देखिन्छ ।

वि.सं. १८७९ भाद्रमा भीमसेन थापाले लक्ष्मण थापालाई लेखेको पत्रमा भगीरथ जैसीको बिर्ता जफत भएपछि त्यस बिर्ताका मोहीहरूलाई मंसीरमा बाली लिएपछि पनि श्रावणमा उब्जनी भएको कुरा पनि लिन खोज्दा त्यो लिन पाइँदैन भनी लेखेका छन् ।[१०३]

वि.सं. १८७९ आश्विनमा जनरल भीमसेन थापाले लक्ष्मण थापालाई भगीरथ जैसी काँगडाबाट भागेर आए भनी जफत भएको बिर्ताबाहेक अरू जग्गा जफत हुँदैन भनी लेखेका छन् ।[१०४]

वि.सं. १८८० माघमा श्री ५ राजेन्द्रको व्रतबन्ध, विवाह भयो । लीलानाथ पाँडेले त्यस वेलाका ज्योतिषीको उल्लेख यसरी गरेका छन् - ज्योतिषी लीलानाथ पांडे पुरुषोत्तम भट्ट भगीरथ जोसी भास्कर जोसी रविदत्त पंत शर्वरीरम(ण) पंत अरविंद गजूर्याल् वरपती अर्चार्य ज्योतिषर जोजी(शी) इंदिवर षर्दार ।[१०५] वि.सं. १८७८मा आफूले दिएको साइतमा भगीरथ जैसीले दोष देखाइदिँदा अत्यन्त क्रुद्ध भई भगीरथ्या लेख्न पुगेका लीलानाथ पाँडेले त्यसको २ वर्षपछि आफूसहित १० जना ज्योतिषीको उल्लेख गर्दा भगीरथलाई ३ सङ्ख्यामा र भगीरथका कान्छा छोरा भास्कर जैसीलाई ४ सङ्ख्यामा राखेका छन् । यताबाट यस वेला लीलानाथको रिस मरिसकेको र तात्कालिक अवस्थामा भगीरथ जैसीको विद्वत्ताको प्रभाव राम्रै रहिरहेको बुझिन्छ ।

लक्ष्मीपति पाँडे वि.सं. १८१५ वैशाख २७ गते गोरखा गाइखुरमा जन्मेका हुन् ।[१०६] देवकोटपरिवारमा चलेको परम्पराअनुसार भगीरथ जैसी वि.सं. १८०१मा जन्मेका देखिन्छन् भनी माथि लेखिसकिएको छ । यताबाट लक्ष्मीपतिभन्दा भगीरथ १५ वर्षले जेठा देखिन आउँछन् । गोरखा गाइखुरमा लक्ष्मीपति र गोरखा गाइखुर देवकोटमा भगीरथ जन्मेका हुन् । यसरी दुवै एउटै डाँडामा जन्मेका देखिन्छन् । यी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुइबीचको सम्पर्क कस्तो थियो हामीलाई थाहा छैन । लक्ष्मीपतिका साहिँला छोरा लीलानाथको जन्म वि.सं. १८४३ मा भएको हो ।[१०७] भगीरथभन्दा ४२ वर्ष कान्छा लीलानाथको भगीरथसँगको दुइटा सम्पर्कको बारेमा भरखरै माथि चर्चा भइसक्यो । पहिलो सम्पर्कमा भगीरथबाट हार खाएका लीलानाथले आफ्नो टिपोटमा भगीरथलाई अपमानजनक शब्द प्रयोग गरेको कुरा पनि भर्खरै माथि परिसक्यो । लीलानाथ पाँडे मेरा पिताजी प्रा. नयराज पन्तको मातृकुलका हुनुहुन्छ । यो पुस्तक तयार गर्न साधनस्रोत जुटाउने श्रीचैतन्यराज देवकोटा हुनुहुन्छ । लीलानाथ र भगीरथको वंशक्रम यस प्रकारको छ–

१. लीलानाथ पाँडे
↓
२. विश्वनाथ
↓
३. भुवननाथ
↓
४. यज्ञप्रिया+कृष्णदत्त पन्त
↓
५. नयराज
↓
६. महेशराज — दिनेशराज

१. भगीरथ देवकोटा
↓
२. भास्कर
↓
३. वासुदेव
↓
४. देवीभक्त
↓
५. पुष्पराज
↓
६. गजेन्द्रराज
↓
७. चैतन्यराज[१०८]

यसरी लीलानाथको छैटौँ पुस्तामा म दिनेशराज र भगीरथको सातौं पुस्तामा चैतन्यराज देखिन आएको छ । भगीरथको युगभन्दा दुइ सय वर्षपछि तयार भएको यस पुस्तकको रचनामा त्यस वेला सँगै काम गरेका लीलानाथ र भगीरथका वंशजको परिश्रम हुन पुग्नु पनि रोचकलाग्दो छ ।

विद्वच्छिरोमणि हेमराजको गोरखासम्बन्धी अनुसन्धानमा गोरखा लुइँटेलडाँडा बस्ने घनश्याम देवकोटाबाट आएको बहीको उतार, यो लेख भगीरथ जैसीको हो, ई विद्वान् देखिन्छन् भन्ने लेखी भीमसेन थापा, राजेन्द्रविक्रम शाह, सुरेन्द्रविक्रम शाह, रणवीरसिंह थापा, दलभञ्जन पाँडे, सिंहवीर पाँडे, कर्णवीर पाँडे, रङ्गनाथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पौडेल, कुलचन्द्र शाह, रणजोर थापा, फत्यजङ्ग शाह र जङ्गबहादुरको जन्मकुण्डलीसहितको तिथिमिति दिइएको छ । त्यहीँ वि.सं. १८७९ मा परेको क्षयमास र दुइटा अधिमासका बारेमा विभिन्न ग्रन्थका वचनका साथै पहिले नेपालमा क्षयमास पर्दा कस्तो गरिएको थियो भन्ने कुरा पनि दिइएको छ । त्यहीँ वि.सं. १८२५को काठमाडौँविजयदेखि वि.सं. १८९३मा भीमसेन थापाको हातबाट फौज र पजनीको अधिकार झिकिएको कुरासम्मको वर्णन दिइएको छ ।[१०९] भगीरथका कान्छा छोरा भास्करका कान्छा छोरा वासुदेव हुन् । वासुदेवका ठाहिँला छोरा घनश्याम भएकाले[११०] भगीरथको भनी आएको यो तिथ्यावली प्रामाणिक देखिन्छ ।

प्राचीन कालमा हाम्रो शिक्षापद्धतिमा इतिहास विधालाई अत्यन्त महत्त्व दिने चलन थियो । शतपथब्राह्मण, कौटलीय अर्थशास्त्र, काव्यमीमांसा यसका सटीक उदाहरण हुन् । तर पछिल्लो कालमा हाम्रो शिक्षापद्धतिबाट इतिहास विधा क्रमशः हट्दै गयो[१११] र हामीलाई आफ्ना पितापुर्खाको बारेमा सामान्य कुरा पनि थाहा हुन छोड्यो । यस्तो कुरा सामान्य मानिसको बारेमा मात्र होइन कि हाम्रै देशका विशिष्ट विद्वान्को बारेमा पनि हुन थाल्यो । उदाहरणको रूपमा विक्रमको उन्डाइसौँ शताब्दीका प्रसिद्ध विद्वान् वाणीविलास पाँडेको विषय लिन सकिन्छ । वाणीविलास पाँडे नेपालको गौरव बढाउने ठूला विद्वान् त थिए नै, आफ्नो समयमा उनले धनमान पनि प्रशस्तै कमाएका थिए । तर यस्ता विद्वान्को बारेमा सबै कुरा थाहा पाउने कुरा त छोडौँ, उनको जन्म कहिले भयो र मृत्यु कहिले भयो भन्ने कुरा पनि हामीले थाहा पाउन सकेका छैनौँ ।[११२] उनले कमाएको सम्पत्ति खाने छोरापट्टिका र छोराका छोरीपट्टिका निकै सन्तान भए पनि उनको सङ्ग्रहको पनि सुरक्षा हुन सकेन । यस्तै-यस्तै कुरालाई लिएर पिताजी प्रा. नयराज पन्तले रचना गर्नुभएको पद्यको सम्झना आउँछ -

कति परिश्रमले कति खर्चले
प्रथित पण्डित बाबु बराजुले ।
विविध पुस्तक सञ्चय गर्दछन्
अलिकता त नयाँ पनि रच्तछन् ।।१।।

अलस सन्ततिको करमा परी
अलिअलीसँग हाय ढुसी परी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सकल पुस्तक मक्किन थाल्दछन्
विविध बोध हरे शिव लुक्तछन् ।।२।।

कति बिके अघि पुस्तक, बिक्तछन्
अझ, कतैतिर बाहिर पुग्दछन् ।
सडकमा पनि पुस्तक सड्दछन्
कति नदीजलमा पनि बग्दछन् ।।३।।

शिव हरे यसरी निज देशको
विविध शास्त्ररहस्य त्यसै डुब्यो ।
यसविषे नदिईकन लोचन
अब हुँदैन नि बस्नु सुधी जन ।।४।।[११३]

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे आफ्नो समयका प्रसिद्ध विद्वान् थिए । वाणीविलासकै कोटिको नभएपनि उनले धनमान पनि केही कमाएका थिए । वाणीविलासले आफ्नो विद्या छोराहरूमा कत्ति पनि सार्न नसकेकामा लक्ष्मीपतिले एउटा छोरामा त राम्रैसँग र अरू छोरामा पनि केही सार्न सकेका थिए । लक्ष्मीपतिका पनातिखलकसम्म आइपुग्दा उनका पुस्तक पात्रा करीब २० भागमा बाँडिइसक्दा दुइटा पनातिले आफ्नो पुस्तक पात्रा जोगाएका र त्यसमा पनि एउटा पनातिका दौहित्र (छोरीका छोरा) ले त्यस परम्परादेखि आएका पुस्तक पात्रालाई जोगाउने काम पनि आफ्नो अभीष्टभित्र पारेकाले[११४] वाणीविलासको जस्तो जन्म मिति र मृत्यु मिति नै थाहा नहुने स्थितिमा त लक्ष्मीपति पुगेनन् । तर पनि २० खण्ड जति भएको सङ्ग्रहको २ भाग मात्र बच्न पुगेकोले उनको बारेमा जति प्रकाश पर्नुपर्ने हो, त्यति हुन सकेको छैन ।

भगीरथ जैसी आफू विद्वान् हुनाका साथै उनका छोराहरू पनि विद्वान्को रूपमा प्रसिद्ध थिए । यसो भए तापनि पछिल्लो समयमा उनको सङ्ग्रहको रक्षा राम्ररी भएको देखिँदैन । भगीरथ जैसीको बारेमा जति लेख्न सकियो । त्यसको सयकडा ९९ प्रतिशत सामग्री भगीरथका पनातिका पनाति श्रीचैतन्यराज देवकोटाको परिश्रमले सङ्ग्रहित कुरा हुन् । ज्यादै थोरै सामग्री भने तिनै पनातिका अर्का पनाति श्रीकुलेन्द्रराज देवकोटाबाट प्राप्त भएका हुन् । भगीरथ जैसीसम्बन्धी जति कागजपत्र बाहिर आएका छन्, ती मुख्यतया जग्गाजमीनसँग सम्बद्ध छन् । यसबाट उनीपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस्ता कागजपत्रको मात्र रक्षा भएको देखिन्छ । भगीरथ जैसीको जीवनमा जुन ढङ्गको उतारचढाव आएको देखिन्छ र उनको जुन ढङ्गको व्यक्तित्व देखिन्छ । त्यसको अनुपातमा यी सामग्री अत्यल्प हुन् । भविष्यमा हुने अनुसन्धानले उनीसम्बन्धी तथ्य अघि आउँदै जालान् र यसले क्रमशः पूर्णतातिर पाइला चाल्ला भन्नुभन्दा अरू भन्न सक्ने अवस्था पनि हाम्रो अगाडि छैन ।

टिप्पणी

१. राजधानी १३ वर्ष १२ अङ्कको ७ पृ.

२. गोरखाको इतिहास (पहिलो भाग) का १, १५ पृ.

३. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ७२०-७२१ पृ.
गोरखाको इतिहास (पहिलो भाग) का ४८-५५, ६७-७०, ७६-७७, ९०-९७, ११४-११६, १५८-१६२, २४४-२४५ पृ.
गोरखाको इतिहास (दोस्रो भाग) का ६१२-६१३ पृ.

४. अमरकोश २।७।५-७, २।८।१४
पूर्णिमा ७ पूर्णाङ्कको ६१ पृ.

५. पूर्णिमा ४८ पूर्णाङ्कको २ पृ.

६. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ८१२-८१४, ८३५-८३७, ८७९-८८०, ९३३-९३४, ९४७ पृ.
पूर्णिमा ७ पूर्णाङ्कका ७३-७४ पृ.
पृथ्वीन्द्रोदयमहाकाव्यका ३८८-३८९ पृ.

७. बुबा! को ४ पृ.

८. १ परिशिष्ट

९. २ परिशिष्ट

१०. बुबा! को ३ पृ.

११. ऐजन ५९८ पृ.

१२. श्री ५ पृथ्वीनारायण शाहको विषयमा केही कुराका ४५-४६, ८७-९३ पृ.

१३. पूर्णिमा १७ पूर्णाङ्कका ३२-३३, ३७-३८ पृ.
पूर्णिमा २० पूर्णाङ्कका ३१७-३२८ पृ.
महामण्डलदेखि काँगडासम्मका ३८-४१ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४. ३ परिशिष्ट

१५. ४ परिशिष्ट

१६. ५ परिशिष्ट

१७. ६ परिशिष्ट

१८. पूर्णिमा २० पूर्णाङ्कको ३२४ पृ.

१९. पूर्णिमा ८ पूर्णाङ्कका ३४-३५ पृ.
दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडीका १०४-१०५ पृ.

२०. पूर्णिमा ८ पूर्णाङ्कका ३५-४१ पृ.
९ पूर्णाङ्कका ३८-४२ पृ.

२१. पूर्णिमा ८ पूर्णाङ्कको ३५ पृ.
महामण्डलदेखि काँगडासम्मको ४५ पृ.
पूर्णिमा २५ पूर्णाङ्कका १-२ पृ.

२२. पूर्णिमा २ पूर्णाङ्कका ६१, ६४-६७ पृ.

२३. ७ परिशिष्ट

२४. ८ परिशिष्ट

२५. ९ परिशिष्ट

२६. बुबा! को ४ पृ.

२७. १० परिशिष्ट

२८. ११ परिशिष्ट

२९. पूर्णिमा ९ पूर्णाङ्कका ३८-४४ पृ.

३०. १२ परिशिष्ट

३१. १३ परिशिष्ट

३२. पूर्णिमा १५ पूर्णाङ्कका २७३-२७५ पृ.
पूर्णिमा ३२ पूर्णाङ्कका २०८-२११ पृ.
पूर्णिमा १२७ पूर्णाङ्कका १६९-१७३ पृ.

३३. १४ परिशिष्ट

३४. सुन्दरानन्दविरचित त्रिरत्नसौन्दर्यगाथाको उपोद्घातको ६० पृ.
पूर्णिमा ९ पूर्णाङ्कका ४५-४७ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा १० पूर्णाङ्कका ४६-५३ पृ.
पूर्णिमा ११ पूर्णाङ्कको ३८ पृ.
राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी (वि.सं. १८१५-१८६५) का २-४ पृ.
पूर्णिमा ३२ पूर्णाङ्कका २१९-२३० पृ.
नेपालको महाभारतका ३१-५९ पृ.

३५. १५ परिशिष्ट

३६. १६ परिशिष्ट

३७. १७ परिशिष्ट

३८. १८ परिशिष्ट

३९. १९ परिशिष्ट

४०. २० परिशिष्ट

४१. २१ परिशिष्ट

४२. २२ परिशिष्ट

४३. २३ परिशिष्ट

४४. २४ परिशिष्ट

४५. पूर्णिमा १० पूर्णाङ्कका ५२-५३ पृ.
पूर्णिमा ११ पूर्णाङ्कको ३७ पृ.
नेपालको महाभारतका ५७-६४ पृ.

४६. २५ परिशिष्ट

४७. २६ परिशिष्ट

४८. २७ परिशिष्ट

४९. २८ परिशिष्ट

५०. २९ परिशिष्ट

५१. पूर्णिमा १६ पूर्णाङ्कका ३८७-३९३ पृ.
पूर्णिमा १७ पूर्णाङ्कका ५१-५८ पृ.
पूर्णिमा १८ पूर्णाङ्कका १३२-१४१ पृ.
पूर्णिमा १९ पूर्णाङ्कका २०७-२१५ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu
राजज्योतिषी लीलानाथ पाँडेले तयार परेको तिथ्यावलीको १७ पृ.

जनरल भीमसेन थापा र तत्कालीन नेपालका २५५-२६३ पृ.

५२. ३० परिशिष्ट

५३. ३१ परिशिष्ट

५४. पूर्णिमा ११ पूर्णाङ्कका ३७-३८ पृ.

५५. ३२ परिशिष्ट

५६. ३३ परिशिष्ट

५७. ३४ परिशिष्ट

५८. ३५ परिशिष्ट

५९. ३६ परिशिष्ट

६०. ३७ परिशिष्ट

६१. ३८ परिशिष्ट

६२. ३९ परिशिष्ट

६३. महामण्डलदेखि काँगडासम्मको ६१ पृ.

६४. आधुनिक नेपालको निर्माणमा बडाकाजी अमरसिंह थापाको योगदानका ३०-३४ पृ.

सरदार भक्ति थापाः राष्ट्र भक्तिका प्रतीकका ३५-४२ पृ.

राष्ट्रिय विभूति अमरसिंह थापाका ५९-७२ पृ.

६५. ४० परिशिष्ट

६६. पूर्णिमा ८ पूर्णाङ्कको ३६ पृ.

पूर्णिमा १६ पूर्णाङ्कका ४०१, ४१३-४१४ पृ.

पूर्णिमा ६५ पूर्णाङ्कको ५२ पृ.

इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातका १५, १८ पृ.

पृथ्वीन्द्रोदयमहाकाव्यको ४०४ पृ.

६७. पूर्णिमा २ पूर्णाङ्कका ६७-६८ पृ.

६८. २ परिशिष्ट

६९. बुबा! को ५९८ पृ.

७०. ४१ परिशिष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७१. पूर्णिमा १९ पूर्णाङ्कको २११ पृ.

७२. नेपालको इतिहासमा जनरल अमरसिंह थापाको ५२ पृ.

७३. ऐजन ९५ पृ.

७४. ४२ परिशिष्ट

७५. ४३ परिशिष्ट

७६. बुबा ! को ५९८ पृ.

७७. ४४ परिशिष्ट

७८. ४५ परिशिष्ट

७९. ४६ परिशिष्ट

८०. ४७ परिशिष्ट

८१. पूर्णिमा ५८ पूर्णाङ्कको ५८ पृ.

८२. रणवीरसिंह थापाको १० पृ.

८३. ४८ परिशिष्ट

८४. त्रिरत्नसौन्दर्यगाथाको उपोद्घातको ६५ पृ.

८५. ऐजन

८६. ४९ परिशिष्ट

८७. पूर्णिमा ३ पूर्णाङ्कको ५९ पृ.

८८. ऐजन

८९. पूर्णिमा १ पूर्णाङ्कको ४८ पृ.

९०. ५० परिशिष्ट

९१. राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावलीको १९ पृ.
नेपाली सेनाको इतिहासका १८८-१९१ पृ.

९२. पुरुषार्थ वि.सं. २००७ पौष-चैत्र ८ अङ्कका ५-६ पृ.
नेपाल पोष्ट ७ वर्ष १० अङ्कका ५, ८ पृ., ७ वर्ष ११ अङ्कका ५-६ पृ., ७ वर्ष १२ अङ्कको ३ पृ.

९३. ५१ परिशिष्ट

९४. ५२ परिशिष्ट

९५. राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावलीको २२ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९६. ५३ परिशिष्ट
९७. ५४ परिशिष्ट
९८. ५५ परिशिष्ट
९९. ५६ परिशिष्ट
१००. ५७ परिशिष्ट
१०१. राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावलीको ३० पृ.
१०२. ऐजन
१०३. ५८ परिशिष्ट
१०४. ५९ परिशिष्ट
१०५. राजज्योतिषी लीलानाथ पाँडेले तयार पारेको तिथ्यावलीको ३५ पृ.
१०६. पूर्णिमा ७ पूर्णाङ्कको ६६ पृ.
१०७. पूर्णिमा १४ पूर्णाङ्कका १५६-१५७ पृ.
१०८. बुबा! को ५९८ पृ.
१०९. ६० परिशिष्ट
११०. बुबा! को ५९८ पृ.
१११. ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग) को वक्तव्यका ७-११ पृ.
११२. गल्लीमा फ्याँकिएका कसिङ्गरको उपोद्घातका ३-४ पृ.
जयतु संस्कृतम् १ वर्ष ६ अङ्कको ८ पृ.
११३. गल्लीमा फ्याँकिएका कसिङ्गरको उपोद्घातको ५ पृ.
११४. पूर्णिमा ४ पूर्णाङ्कका ८२-८४ पृ.
पूर्णिमा २९ पूर्णाङ्कका ५-६ पृ.
जयतु संस्कृतम् १ वर्ष ६ अङ्कको ८ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिशिष्टहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ परिशिष्ट

(१)

भीमसेन थापाले जैसी ब्राह्मणहरूलाई वि.सं. १८७६ मा लेखेको पत्र

श्री

१. स्वस्ति श्रीजनरलभीमसेनथापाकस्य पत्रम्

२. आगे दरमदिपश्चिम मर्स्यांदिचेप्यापूर्वका जै-
३. सि ब्राह्मणहरुके यथोचित्. उप्रांत ताहा तिमि-
४. हरु भारा नउठ्ता तिलंगाहरुले घर गोठ क-
५. ट्यारा माच् पोलि विद्युत् गऱ्या भनि मेजर भास्क-
६. र जैसिले हामिछेउ बिंति गऱ्या. तसर्थ जस्‌जस्-
७. का जतिजति पोलियाको छ. त्यो सबै बुझनाला-
८. इ मेजरलाइ पठायाको छ. बुझन्या काम गर्नं. अ-
९. ब र तिमिहेरुले जंगल पस्न्या काम नगर. घ-
१०. र आई बस्न्या षेति चलन् गर्नु. गाउगाउका
११. मुषिया थरिले पनि मेजर भास्कर जैसिका
१२. साथ लागि ञाहा आउ. सम्वत् १८७६ सा-
१३. ल मिति चैत्रवदि ४ रोज ६ शुभम्

(पत्रको शुरूमा श्रीवि/श्वेश्वर/र कुँदिएको छाप लगाइएको छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८७६ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	२२	शुक्र	तृतीया	११।	५२

(पात्रोबाट)

तृतीया ११।५२ उप्रान्त चतुर्थीमा यो पत्र लेखिएको देखिन्छ ।

(२)

श्री ५ राजेन्द्रबाट जैसी ब्राह्मणहरूलाई वि.सं. १८८६ मा लेखिदिएको पत्र

श्रीः

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध-
२.विरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज
३. श्रीश्रीश्री महाराजराजेन्द्र-विक्रमसाहबहादूरसम्सेरजङ्गदेवा-
४. नां सदा समरविजयीनाम---------
५. आगे वाग्मतीपश्चीम हाम्रा भरमुलुकका जैसि बाहुनहरू-
६. के हामिलाइ पुत्रोत्सव हुंदाका दिन श्रीजनरल भीमसेन था-
७. पाले उपाध्या ब्राह्मणलाइ झारा माफ भयाकै छ. जैसि बाहुन
८. लाइ पनि झारा माफ हुन्या हो भनि हाम्रा हजूरमा बिंति गर्दा
९. षुसि हर्ष प्रसन्न भै भरमुलूकका जैसि बाहुन्लाइ अब-
१०. उप्रांत झारा माफ गरी थिति बांधिबक्स्यौ. हाम्रो सोझो चिताइ
११. षातिर्ज्मासंग बस. इति सम्वत् १८८६ साल मिति चैत्र-
१२. वदि ११ रोज ७ शुभम्---------

वि.सं. १८८६ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
चैत्र	९	शनिश्चर	एकादशी	५०।	१३

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ परिशिष्ट

(१)

श्री ५ गीर्वाणले भगीरथ जैसी र भास्कर जैसीलाई वि.सं. १८६६ मा लेखिदिएको पत्र

श्री

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा-
२. नोन्नतश्रीमन्महाराजाधीराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धवीक्रमसाहबहादूरसम्-
३. सेरजङ्देवानां सदा समरविजयिनाम् ------------------------
४. आगे रमापति जैसिको नाति कमलपति जैसिको छोरा पद देउकोट्य वतन लकाङ् भ-
५. गिरथ जैसि छोरा भास्कर जैसिसमेतके षर्दारि मानको पगरि बक्स्यौं. तस्को षानगी
६. षेत ११।० षोवा वदे नगद रुपैया २०० लि मुहडामा काजी अम्बरसिं थापाका साथ
७. आफुलाई लाग्याको कामकाज परिआयाको गरि निमकको सोझो चिताई तप-
८. सीलमाफिकको षेत षुवा नगद दस्तुर लि जागीर जानि भोग्य गर ------

९. तपसिल

१०. असामी			
११. कास्की बलभद्र षर्दारले	थुमषुवा	षेत	नगद
१२. षायाको लवाङ थुम	१	६।०	११
१३. भुर्जुङ्खोला	०	२।०	०
१४. टिकावल्लव पाडेको मानाचावल	०	१।४०	०
१५. काजी बहादूर भंडारीले षायाको			
१६. रागिनास कोपाचोक षुवा	१	०	९१
१७. दस्या बानियाले षायाको गो-			

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८. र्षा कोवह्याक	१	०	२९
१९. तनहुं वंदिपूर दयाराम अधिका			
२०. रिको भाईसमेत षेत ४।० मध्ये	०	१।६०	०
२१. सिमल्या १।० मध्ये षोलो			
२२. ।८० बाँकि ।२०			
२३. धर्माको १।१० मध्ये षोलो			
२४. ।६० बाकि ।४०			
२५. दामधरको १।०			
	३	११।०	१३१

२६. हर दनगदीमा नपुग्याको

२७. इति सम्वत् १८६६ साल मिति आश्विनवदी १४ रोज १ शुभम् -----

(पछिल्तिर)

मार्फत् रणध्वज थापा

मार्फत बाहादुर भंडारी

मार्फत भीमसेन थापा

वि.सं. १८६६ आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
आश्विन	२५	आदित्य	चतुर्दशी	२०।	१०

(पात्रोबाट)

(२)

श्री ५ राजेन्द्रबाट भास्कर जैसीलाई वि.सं. १८९८ मा लेखिदिएको पत्र

श्रीदुर्गाज्यू

श्रीदुर्ग्गा

भवानि

श्रीनाथ

सिंहनाथ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्त्यादिविविधविरुदावलीविराज-मानमानोन्नतश्रीम-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. न्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्देवानां सदा समरविजयिनाम्

३. आगे कमलापति जोसिको नाति भगीरथ जोसिको छोरा पद देउकोट्य वतन् गोर्षा लकां भास्कर जोसि-

४. के ---१ कंपु ---२ पल्टनमा कृष्णलाल उपाध्याको षायल षरिदार मानको पगरि बक्स्यौ. षानगी

५. षेत ७।२० षुवा वदे नगदि रुपैया १२० ली सवारी सिकारि लडान्तिभिडान्ति उर्दि कबायेत हालहुकुम् रा-

६. तबीरात टहलमा रुजु रहि काजी कालु साहिले लाया अह्रायाबमोजीमका कामकाजमा तदविर भै ग-

७. र्नु. हाम्रा निमेक्को सोझो चिताई आफ्ना षातिरज्मासंग तपसीलबमोजिमका षेत षुवा ली जागी-

८. र जानी भोग्य गर------

९. तपसिल

१०. सिपा–पदम् अचार्जको असीमुऱ्या वीरप्रसाद कार्कि———।९०

११. अैजं–सिवनारान कोइरालाको षडपाब्यासी धोक्ऱ्या मिझार——।१६

१२. बोडे–वाथुकेवा——————————— ।५

१३. अैजं–वसीमा षुगल——————————— ।४।५

१४. अैजं–अैजं – ।१४ बाहेक——————————— ।६

१५. सागा–दलावी – २।३२ मध्ये——————————— १।१८

१६. भादगाउ–कोलपा बलवीर षडका———————————।८

१७. अैजं–विडोल् तेजनारान मोहि मकुन्दसिं———————————।२०

१८. अैजं–बाहाल्या उग्रसिंको कुंपाको देवी थांलाछे———————————।१२

१९. अैजं–ढालाषुसी काल्या थापा———————————।१०

२०. अैजं–भैरवसिं बाहाल्याको नाडोल् लक्ष्मिनारन मोहिनाइक्याको - ।११

२१. अैजं–भिआ गुठि गांषु जीतासिंको———————————।२५

२२. अैजं–धंषा———————————।८

२३. रुपिं–झ्यालिं बंदु रानाको कुत्या सिवनिधि जैसी——————— ।१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२४. तामागुरु–कामीटर जगु सापकोट ———————— ।५४
२५. मैधी–किनरी उदयानन्द अर्ज्याल् ———————— ।५६
२६. फुलपिं–रामच्या निघुऱ्या भवानीसंकर ।१० मध्ये ।५ को — ।७
२७. घुमां–रतन पराजुलीको गैह्री कुस्माकर धर्मसिं थापा ——— ।६५
२८. तिलपुं–किसन थापाको टारी ———————— ।१४
२९. अैजं–बुध्या थापाको षानीषोला ———————— ।१४
३०. अैजं–किसन थापाको मचुवा ———————— ।१४
३१. अैजं–जुठ्या थापाको ठुलो ढुंगो ———————— ।८
३२. अैजं–जुठ्या थापाको भांगल्या ———————— ।६
३३. अैजं–अैजंको टुघा ———————— ।१४
३४. घुमां–देउसर्म तिमिलसीनाको काल्या धर्मसिं ———— ।३५
३५. षुवा –
३६. दोलषा गुबु ———————— ८७॥२॥
३७. तनौ –चोया बिसाउन्या गाउ ———————— २७॥
३८. झारामध्ये ———————— ४।२॥
३९. इति सम्वत् १८९८ साल कार्तिकवदि ३० रोज ७ शुभ्म्

वि.सं. १८९८ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
कार्तिक	३०	शनैश्चर	अमावास्या	१०।	५७

(पात्रोबाट)

३ परिशिष्ट

चौतरिया काजी सर्दारहरुले भिरकोटका उमरालाई वि.सं. १८३९ मा लेखेको पत्र

श्री १

१. स्वस्ति श्रीचौतारियाकाजिसर्दारकस्ये लिषापत्रम्
२. आगे मिकोट्या उमराप्रति. भगिरथ जैसिको मगर बांधा नसि ग-
३. याको रहेछ. आज ताहां रामचंद्र जैसिका छोराका घर रहेछ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. त्यो बांधापत्र देषत भगिरथ जैसिकन शुपाइदेउ. ति बांभन्-

५. लाइ साये पाउंनं. इति सम्वत् १८३९ जेष्टवदि १४ रोज ७ शुभम्———

(पत्रको शुरूमा दुइटा छाप लगाइएका छन् । त्यसै गरी ५ ठाउँमा पत्र सहि भनी लेखिएको छ ।)

४ परिशिष्ट

श्री ५ रणबहादुरले भगीरथ जैसीलाई वि.सं. १८४० मा लेखेको पत्र

श्रीदुर्गासहाय

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का———

२. आगे भगिरथ जैसिप्रति. केहि काजको अल्मल भै २ दिन्

३. तुम्रो दर्द नफुता अगुताइकन घर गयाछौ. इहां केहि का-

४. जको मतो पनि छ. तिम्रो दर्द पनि फोइबक्सौंला. रुक्का दे-

५. षत हाम्रा हजूर आइपुग सर्वथा ३. सम्वत् १८४० साल

६. वैसाषशुदि १२ रोज ३ मुकां कांतिपूर शुभम्———

वि.सं. १८४० वैशाखशुक्ल

	गते	वार	तिथि	घडी
ज्येष्ठ	३	मङ्गल	द्वादशी	५६

(पात्रोबाट)

५ परिशिष्ट

नाथु जैसी, नारायण जैसी र दशरथ जैसीले भगीरथ जैसीलाई वि.सं. १८४१ मा लेखिदिएको पत्र

श्री

१. स्वस्ति श्रीशाके १७०६ मासे १० बलिभद्र जैसिको तलको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. सुवारो श्रीधर जैसिको अंश नाथु जैसि नारायण जै-
३. सि दसरथ जैसि आप्नु अंश सबैमा आना १० बां-
४. धा दियापछि नारायणको दशरथ जैसिले त्यो
५. अपुतालिको अंश सिमलचौर आप्नु अंश बांधा दि-
६. या. भगिरथ जैसिले बांधा लिया. रुपैया सि-
७. क्का २ अक्षेरेपि सिक्का दुइ साक्षि सुन्दर आ-
८. मगान्नि लिषका साछि स्वहस्ते शुभ्म्

६ परिशिष्ट

चौतरिया काजी सर्दारले भगीरथ जैसीलाई वि.सं. १८४२ मा लेखिदिएको पत्र

श्री

१. स्वस्ति श्रीचौताराश्रीकाजिश्रीसर्दारकस्य पत्रम्
२. आगे भगीरथ जैसिके. तिमिलाइ कास्कि थाप्ता सबै
३. भारादारले बिंति गरि साहेबछेउ बिंति गरि षेत २ को कु-
४. शडल्लो भयाको रहेछ. पछि काज आट्ता कास्कि फ-
५. त्य हुंदा अघिको सहि गरि कुढरको बुढा भक्त्याले षाया-
६. को डिहि तस्मध्य जगवरको घर डिहि लगा पछि थप्या-
७. को चाउथ्या मुरी ६० डोल्पाले षायाको १४० जामा
८. षेत २ को चलन चलाइदिञ्यु. शर्कारमा बिंति गरि
९. मोहोर गराइ कुशडल्लो छराइदिउला. षातिर्जा-
१०. मासग चलन गर. संवत् १८४२ ज्येष्टसुदी १३ रोज २
११. मुकाम सतहुं शुभम्

(शिरोभागमा)

१. चलन चलाइदिञु. बिनति गरि पछि
२. मोहोर गरि माटो छराइदिउला सही.

(पत्रको दायाँपट्टि चौतारा, काजी, सरदारहरूका पाँचवटा छाप छन्, तर ती त्यति स्पष्ट छैनन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ परिशिष्ट

चक्रपाणि खनालले भगीरथ जैसीलाई वि.सं. १८४३ मा लेखेको पत्र

श्री

श्री ५ महाराजा ६

श्रीजं ४

१. स्वस्ति श्रीसुबेदारचक्रपाणिषनालकस्य लेषापत्रम्.
२. आगे भगिरथ जैसिके. पर्वत् मारी भेरी सांध भयाको दि-
३. न सर्कारबाट बक्सन्या कुरा सर्कारबाट भारादारबा-
४. ट दिन्या कुरा भारादारबाट पाउला. हाम्रा ˉ४ˉ कम्प-
५. निबाट तिमिलाइ २०० दुइ सयको सिरोपाउ हामि दि-
६. उं ला. दिन् सुदिन बढिया हेर. ˉ६ˉ को जय मनाव. हा-
७. मिलाइ आसिर्वाद दिन्या गर. इति सम्वत् १८४३ साल
८. आषाढसुदि ११ रोज ५ शुभम्

(शिरोभागमा)

जो लिषा सो सहि

८ परिशिष्ट

श्री ५ रणबहादुरबाट देवकोट्का उमरालाई वि.सं. १८४१ मा लेखेको पत्र

श्रीदुर्गा

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का=====
२. आगे देऊकोटका ऊम्राप्रती. हाम्रा पश्चिम जान्या
३. भारादारहेरुले वैसाषका दिन २७ जांदो पर्वत हान्न
४. आट्याछन्. तक्सारन् तिम्रा अम्बलका सिपाही ढा
५. क्र्या बिर्त्या ब्राह्मन सगुन छतिसै जात झारा गरी
६. वैसाषका दिन २५ जांदा रातसाझ गरि नुवाकोट पु-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७. ग्. येस्ता काजमाहा झारा नजान्या क्याको हाम्रो से-
८. भक भयेउं. हामी त्मौ आसी भयिऊ भन्या ऊसै भ-
९. न. होईनौं भन्या रात साझ गरि पुग. येस दीन नपुग्या
१०. हामी जानौला. ऊस दिन तिमिहेरु पनी बुझौला. ईति
११. सम्वत १८४१ साल वैसाषसुदी   रोज सुभम्

९ परिशिष्ट

श्री ५ रणबहादुरबाट जीव शाह, पारथ भँडारी, सुरवीर खत्री र अम्बरसिंह रानालाई वि.सं. १८४३ मा लेखेको पत्र

श्रीदुर्गा
श्रीदुर्ग्गा
भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ________
२. आगे काजी जिव साह सर्दार पारथ भडारि सुरविर
३. षतृ अम्बरसिं रानाप्रति. कास्किका राजाले भागिर-
४. थ जैसिकन दियाको बिर्ता कुडहरको भगत्या द्वान्या-
५. ले षायाको चाउथ्या मुरि ६० डोल्याले षायाको षेत
६. बिस ७ सात जामा षेत २ संतोक बानिञा बस्या-
७. को डिहि ताहादेषि पश्चिम षतृ बस्याका डिहिसमेत
८. लगापात निकास पैसार चल्दोमिल्दो गरि साध
९. लाइदेउ. इति सम्वत् १८४३ कार्तिकसुदि ६ रोज ७ शुभम्

१० परिशिष्ट

श्री ५ रणबहादुरबाट वि.सं. १८४८ मा लेखिदिएको पत्र

श्रीदुर्गासहाय
श्रीदुर्ग्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचुडामणिनरनारायणेत्यादिविविधविरुदाव-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. लीविराजमानमानोंनतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरण-

३. बाहादूरसाहबाहादूरसम्सेरजंदेवानाम् सदा समरविजयीनाम् ---

४. आगे लकांगका परशुराम कासिराम शुकदेउ गोताम्याले आफनु अं-

५. स बिरुवा ढांड मुरि चालिस् ४० षेत लछिधर गोताम्यासगको साजा माटे

६. दुवैको बाटको रुंटे बिस मुरि २० गैह्रि मुरि चालिस ४० बेच्या. पूर्व बेल-

७. डाडाको सिउंडबार वादको मुख परशुरामका घरछेउको सिउडबार दछि-

८. न भिगटी पाऱ्याको षोलो पश्चिम ठुलो षोलो उतर नाउको षोलो डिहि पू-

९. र्व तिवारिलाई दियाको छोडि उपल्लाटारको सांध वासुदेउ बस्याको डिहि

१०. दछिन उपल्लैको साध पछिम लक्ष्मिधर गोताम्याका घरछेउको सिउडबा-

११. र उतर पिऱ्याका षेतको साध भिगटि पाऱ्याका षेतको सांध पूर्व उपल्ला गो-

१२. ताम्याको साध दछिन देउकोटयका सांधको षोल्सी पश्चिम तल्ला कुलाले पा-

१३. याको डिल उत्तर सिमको डिल मुहानको गह्रो चिलाउन्याका रुष ढांड पूर्व

१४. षोल्सि रैकरको सांध दछिन बान्हु पश्चिम सांषिका सांधको डिल उतर पा-

१५. निषोल्सि आंवका रुषछेउको सुवारो पूर्व बान्हु दछिन रैकर पश्चिम सिंउं-

१६. को बार उतर बान्हुं जुडिषेतछेउका ठुलो गह्रा लगापात सबको ज्या छ

१७. तस्को मोल आठ सय असि सिक्का ८८० देउकोट बसन्या भगीरथ देउको-

१८. टाले कुसडल्लो गरि बिर्ता किन्या. बकसाउनि बिस मुरिको सवा रुपैयाका

१९. हिसाब ६ रुपैया सुका ६। हाम्रा हजूर लाग्यो. बेचन्याको दाम पाको. किंन्या-

२०. को माटे पाको. षातिर्जामासंग आफनु कुसबिर्ता जानि भोग्य गर. सम्वत् १८

२१. ४८ साल वैशाखवदि १० रोज ६

(पछिल्तिर)

मार्फत् भोटु पांडे

रुजु त्रिभुवन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११ परिशिष्ट

श्री ५ रणबहादुरबाट भगीरथ जैसीलाई वि.सं. १८४९ मा लेखिदिएको पत्र

श्रीदुर्गाज्यू

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का------

२. आगे भगिरथ जैसिके. तिमिले अघिदेषी षायाको षे-

३. त लिग्लिगका चनौट्या मुरि ८० कुढरको एक सय चा-

४. लि (स) १४० ज्मा षेत ४ चाङ्लुङ्ग गुरुंगाउ धन्या गुरुं-

५. ले छाप गर्दाको बिलो झिकी परापूर्वको पाषा ल-

६. गासमेत् थामिबक्स्यौं षातिर्जामासित जागि-

७. र जानि भोग्य गर. ईति सम्वत् १८४९ साल मि-

८. ति भाद्रशुदि ६ रोज ५ शुभम्———

(बायाँ किनारमा)

रुजू श्रीकृष्ण शाह

रुजु दामोदर पांडे

१२ परिशिष्ट

श्री ५ रणबहादुरबाट वि.सं. १८५० मा गरिदिएको पत्र

श्रीदुर्गासहाय

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणीनरनारायणेत्यादिविविधविरुदाव-

२. लीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहारा-

३. जेरणबहादूरसाहबहादूरसम्सेरजङ्देवानां सदा समरविजयिनाम्===

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. आगे लिग्लीग बस्न्या मनिराम कट्यालले कट्यालऌथरीको आफ्नु बि-

५. र्ता षेत बिस छ १२० तस्को सांध पूर्व षुर्पाजुंका पाषाको रैकर्को सांध

६. दक्षिन कुलो पश्चिम डिहीमनिका कुलाको सांध उत्तर कट्हरको आ-

७. धा फेददेषि उभो सुवारोमाथि थुम्काको सांध त्रि चारकीलाभित्रको

८. जीमि डीही घड्यारीसमेत् कुशपानीले डल्लो गाली पारप्रच्छिन्न गरि

९. बेच्या. तस्को मोल सिक्का आठ सय चालीस् ८४० देउकोट बस्न्या भगिर-

१०. थ जैसि देउकोटयले किन्या. तस्को बक्साउनी बीस मुरिका पांच सुका

११. हिसाबले रुपया साढे सात् हाम्रा हजूर दाषील भयो. बेचन्याको दाम पा-

१२. को किन्याको माटे पाको. आफ्ना षातीरजामासित कुसबिर्ता जानी

१३. भोग्य गर. इति सम्वत् १८५० साल मिति चैत्रसुदि १५ रोज ३ शुभम्

(पछिल्तिर)

रुजु देवदत्त थापा

मार्फत वुभडेल जश्राम

१३ परिशिष्ट

लक्ष्मीपति गोतामेले भगीरथ जैसीलाई वि.सं. १८५३ मा लेखिदिएको पत्र

।। श्रीगणेशाय नमः ।।

१. स्वस्ति श्रीशाके १७१८ मासे १० दिनगता १५ जांदा लक्ष्मिमप-

२. ति गोताम्याले आफ्नु अंश ओल्लो बिश १ तेस्को ल-

३. गा बेलडाडो देवपूज्यासमेत बाधा दिया. श्रीभगीर-

४. थ जैसिले बांधा लिया. तस्मध्य रुपैया १५० अक्ष-

५. रेपि एक शय पचास् लिनादिनाका दश मासि.

६. एस बाताका सांछि रामभद्र नेउपान्या मु. सोध-

७. न नेउपान्या हिरानंद अधिकारि परसुराम गो-

८. ताम्या माधौ देउकोटय लेखक सांछि स्वहस्ते शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(शिरोभागमा)

१. शाल १७२५ पछि दियाको रुपैया ७

२. सात् बहिमा पऱ्याका

१४ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८५६ मा लेखिएको पत्र

श्रीदुर्गासहाये

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ------------------

२. आगे भगिरथ जैसिके. तिम्रो षुर्पाजुङ् भित्ताको बिर्त्ता षोलाषे-

३. त मुरि दस १० का लग् पाषोसमेत सर्कार लि तस्को साटे जति

४. ... व षेतका पुछारको षेत पाषो ठाटि पौ-

५. वा बनावनानिमित्त बिर्त्ता साटिबक्स्यौं. आफ्ना षातिर्जामासें-

६. ग ठाटि पौवा बनाई धर्म्म चलाव. ईति सम्वत १८५६ साल मि-

७. ति वैसाषवदि २ रोज २ शुभम्---------

१५ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८५७ मा लेखिदिएको पत्र

श्रीदुर्गासहाये

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का------

२. आगे भगीरथ जैसीके. लम्जुं मार्दा कास्कि थाप्ता सायत हेऱ्याको

३. रीझ कस्क्यालीबाट कुशडल्लो भयाको पर्वत माऱ्यापछि साइत-

४. मा रिझदा मोहोर बक्सी सांध भयाको कुडहरमा सन्तोक बानि-

CC-0 Nepal Sanskrit Academy, Kathmandu

५. ञा बानिञा बस्याको डिही डोल्याले षायाको १४० चाउथ्या मु-

६. रि ६० जम्मा षेत दुई २ आजसंम षायाको तम्रो बिर्ता कृ-

७. ष्णानंद लोहनीले जबद गऱ्याको बालिसमेत फोईबक्स्यौं. आप्नु कुश-

८. बिर्ता जानी भोग्य गर. इति संवत १८५७ साल वैशाखसुदि १ रोज

९. ५ शुभम्------------

(पछिल्तिर)

मार्फत नरसिंह

वि.सं. १८५७ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	१५	बृहस्पति	प्रतिपद्	६०।	०

(पात्रोबाट)

१६ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८५७ मा लेखिदिएको पत्र

श्रीदुर्गासहाये

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचुडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराज-

२. मानमानोन्नत्त्श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धवीक्रम-

३. साहबहादुरसमसेरजङ्देवानां सदा समरविजयीनाम्------

४. आगे भगीरथ जैसिके. तिमीलाई देऊकोट कुसबिर्ता बितलपमा तेस-

५. रि भागको एक भाग ऊमरा बस्याको रहेछ. आज हामिले ऊमरा दुवाऱ्या

६. मेटि तम्रो पुरानु नञा बिर्ता बाधाको बितलप गरिबक्स्यौं. आप्ना षा-

७. तिरजमासंग पुरानु नञां बिर्त्ता बाधाको बितलप जानि भोग्य गर. इ-

८. ति सम्वत १८५७ साल मिति जेष्ठवदि ५ रोज ३ शूभम्---

CC-0 Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८५७ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	३	मङ्गल	पञ्चमी	३२।	२३

(पात्रोबाट)

१७ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८५७ मा लेखिदिएको पत्र

श्रीदुर्गासाहाय:

१. स्वस्ति श्रीगीरीराजचक्रचुडामणीनरनारायणेत्यादीविविधवीरुदावलीविराजमान-
मानोन्नत-

२. श्रीमन्माहाराजाधिराजश्रीश्रीश्रीमाहाराजेगीर्वाणयुद्धविक्रमसाहबाहादुरसम्सेर-

३. जङ्देवानाम् सदा समरविजयीनाम्————

४. आगे भगीरथ जैसीके. कास्की कुंढरको तंम्रो बीर्ता डीहीसमेत षेत दुइ २ लीक-

५. न तस्को साटे लकाङ अंम्बलमा अमरावी डीहीसमेत् षेत मुरी येक सय साठी

६. १६० लीगृलीगृका अम्बलको षोलाषेत्मा मुरी चालीस् ४० षोलावारीको क-

७. वल्बोट्या सुवारासमेत बीर्ता साटीबक्स्यौ. आफना षातीर्जामासंग बीर्ता

८. जानी भोग्य गर. ईती सम्वत् १८५८ साल मीती माघवदी ३ रोज ५ सुभं----

(पछिलितिर)

मार्फत नरसींह

वि.सं. १८५८ माघकृष्ण (पूर्णान्तमान्ले)

	गते	वार	तिथि	घडी	पला
माघ	१०	बृहस्पति	द्वितीया	०।	४६

(पात्रोबाट)

द्वितीया ० घडी ४६ पलाउप्रान्त तृतीयामा यो पत्र लेखिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८५८ मा गरिदिएको पत्र

श्रीदुर्गा

श्रीदुरर्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधवि-

२. रुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्री-

३. महाराजेगीर्वाणयुद्धविक्रमसाहबहादूरसमृसेरजङ्देवा-

४. नां सदा समरविजयीनाम् -----------------------

५. आगे भगीरथ जैसिके. तिमिलइ षारषोलाको पुत्लीषेत १२० साट्-

६. ता रह्याको नाउषोलाको मुरि २० साट्ता रह्याको षोलाषेत मुरि

७. २० अवराइवारिको कटवाल्रुम्ट्ये मुरि २० चूक्दीषोलाको

८. पृथीधर पाध्याले अघि बाधा षायाको चार सयमध्ये षेत मुरि

९. ३२० जम्मा षेत ५ पांच अवराञिमा साटि रह्याको पाषो डिहि

१०. रौद्रि मकैचौर साध पूर्व पहराको मुख उधो मान्सिंषोलो दक्षी-

११. ण बिर्त्ताको साध पश्चिम पिपल्डाडो उभो रस्ता बाटे उत्तर रस्ता

१२. बाटे देउकोटको साध पाटि बनाउन सकसूफुन नाउषोला-

१३. छेउको चिलाउन्याटर लाकुऱ्या नेवार बस्याको घड्यारि उधो

१४. अर्चल्याचौर साध पूर्व आम्डाडो तल भंज्यां दक्षीण षोलो

१५. बिर्त्ताको साध पश्चिम नेउपान्याका साधका षोलाको ठु-

१६. लाषोलाको दोभान उभो षोलो उत्तर नेउपान्याको साध

१७. लाकुऱ्यामाथि ढकालको साध एति कीलाभित्रको जगा अ-

१८. घि देउकोट पुंराना नञा बिर्ता बाधामा पंचषत षत मेटि बित-

१९. लप बक्स्याको आज पनि पंचषत नेवारको चौधरि टुसाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०. मेटि समृतिबाहिक् सर्वांक माफ गरि कुसबिर्ताबितलप ब-

२१. क्स्युं. षातिर्जामासंग कुसबिर्त्ता बितलप भोग्य गर. संवत् १८५८

२२. फागुनसुदि १ रोज ५ शुभम् ------------

(पछाडिपट्टि)

रुजु सेरबहादुर शाहः रुजु बषतवारसिंहः

मार्फत् नरसिंहः रुजु जगन्

वि.सं. १८५८ फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन २३		बृहस्पति	अमावास्या	१०।	३३

(पात्रोबाट)

फाल्गुनकृष्ण अमावास्या १० घडी ३३ पलाउप्रान्त फाल्गुनशुक्ल प्रतिपद्मा यो पत्र लेखिएको देखिन्छ ।

१९ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८५८ मा लेखिदिएको पत्र

श्रीः

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ____________

२. आगे भगीरथ जैसिके. तिमिलाइ सर्वांक माफ भयाका बितलपमा झारा

३. हुलाक बेठबेगारि माफ गरिबक्स्यौं. आफ्ना षातीर्ज्मासंग माफ

४. जानी बस. संवत् १८५८ फागुनसुदी १५ रोज शुभम् ________

(बायाँ किनारामा)

मार्फत नरसिंह

मारफत् बषतावरसिंहः

वि.सं. १८५८ फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी	पला
चैत्र	८	शुक्र	पूर्णिमा	२५।	३५

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२० परिशिष्ट

श्री ५ गीर्वाणबाट वि.सं. १८५९ मा काशी पाँडे, हरि अर्याल, भानु खनाल, बाँका पन्त, बंशवीर राना र बिरु बोहरालाई लेखेको पत्र

श्रीदुर्गा

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-----

२. आगे काशी पांडे हरि अर्य्याल भानु षनाल बाका

३. पंथ वंशवीर राना बिरु बोहोराप्रति. भगीरथ

४. जैसिलाइ साट्याको दइरगामका बिर्ता बक्स्या

५. का मोहोरमा षेत पाषो बढता रहेछ भनि भ्कि-

६. क्याछौ. बढता भया पनि अघिका रिभ्कसमेत

७. मोहोरमा पऱ्याको षेत पाषो थामिबक्स्युं. षा-

८. तिरजामासग मोहोरभरिको षेत पाषो साध

९. लाइदेउ. संवत् १८५९ साल मिति ज्येष्टवदि १३ रो-

१०. ज ७ शूभ्म्---------------

मार्फत नरसिंह

रुजु बम्साह सिंह

रुजु बषतवारसिंहः

वि.सं. १८५९ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१८	शनैश्चर	त्रयोदशी	३२।	३२

(पात्रोबाट)

२१ परिशिष्ट

बखतवारसिंह र जगनले वि.सं. १८५९ मा लेखिदिएको पत्र

श्री १

१. स्वस्ति श्रीकाजिबषतवारसिंहश्रीषर्जांचिजगनकस्य पत्रम्------

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. आगे गादि उघाउन्या जनप्रति. भगीरथ जैसिका समृतिबाहिक् सर्वांक मा-
३. फ भयाका बितलपमा लिनुपर्दैन छोडिदेउ. संवत् १८५९ शाल मिति श्राव-
४. णवदी ६ रोज ३ शुभम्————————————

(शिरोभागमा)
१. जैसिको बितलपको
२. मोहर्बमोजिम् गर.
३. रुपैया लियाका भ-
४. या फिर्ता गरिदेउ.

वि.सं. १८५९ श्रावणकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
श्रावण	७	मङ्गल	षष्ठी	४४।	५२

(पात्रोबाट)

२२ परिशिष्ट

बखतवारसिंह, नरसिंह र जगनद्वारा वि.सं. १८५९ मा लेखिएको पत्र

श्रीदुर्गासहाये

१. स्वस्ति श्रीकाजिबषतवारसिंहकाजीनरसिंहश्रीषजांचिजगन्कस्य पत्रम्
२. आगे गादि उघाउन्या जनप्रति. भगिरथ जैसिलाई बितलप बक्स्याका मोहोर-
३. मा समृति मात्रै राषि सबै अंक माफ भयाको छ. यस् बितलपमा गादि लाग्दैन.
४. छेकथुन गरि दुष दिंछौ गरे. मोहोरमा माफ भयाको छ. टंट्य नगर. छेकथुन्
५. गरिलियाको भया पनि फिर्ता गरिदेव. ईति संवत् १८५९ साल मिति पौषशुदि
६. १० रोज २ शुभम्————————————

(शिरोभागमा)
१. जैसीक बिर्ताका मोहर्बमोजिम् गर.
२. अर्घ्यालो टंट्य नलाऊ छाडिदेउ.
३. भगिरथ जैसिका बितलबमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. समर्रित राषि अरु रकम माफ

५. भयामा दुष दिंछौ गरे... नगर.

६. छाडिदेउ-----------

वि.सं. १८५९ पौषशुक्ल

	गते	वार	तिथि	घडी	पला
पौष	२२	सोम	दशमी	२।	४

(पात्रोबाट)

२३ परिशिष्ट

अमरसिंह थापाले भगीरथ जैसीलाई लेखेको पत्र

श्री

श्री ५ स्वामी

१. स्वस्ति श्रीसर्वोपमायोग्यत्यादिराजभारासामर्थश्रीभगीर-
२. थजैसिकेषु इत श्रीसर्दारअंम्बरसिंहथापाकस्य प्रणाम्पू-
३. र्वकपत्रेत्यादिउ भयो कुसलं च. उप्रांन्त अस्ति पाटन्मा जादां
४. दामोदर पांडे काजीथै र मथै ---- बाट भगीरथ जैसि
५. कांहां छन् डाकी पठाव भनि हुकुम् भयो. भारादारहरुसग
६. पल्पा गयाका छन् भंन्दा सुनिंन्छ भनिः बिंन्ति गर्दा पल्-
७. पा पुग्याका भया पनि झिकावनु भनि मर्जी भयो. तसर्थ
८. तिमिलाई डाक्न हल्कारा आयाका छन्. तिन्का साथ चाडै
९. गरि आइपुग. मिति आषाढवदि १४ रोज ३ मोकाम कांन्ति-

(किनारामा)

पुर शुभम्

२४ परिशिष्ट

तुलाराम लँइटेलले वि.सं. १८५८ मा भगीरथ जैसीलाई लेखिदिएको पत्र

१. स्वस्ति श्रीशाके १७२३ मासे १० दिन १५ गते तुलाराम लुइट्यालले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. आप्नु गाउको घर घंड्यारि बाधा दिया. श्रीभगीरथ जैसिले
३. बाधा लिया. तस्मध्य रूपिया २।। अक्षरेपि साढे दुइ च-
४. लन दशमासि सिक्का. एस बातका साक्षि शशिधर लु-
५. इट्याल् माधौ देउकोटा लिखक स्वहस्त शुभम्

२५ परिशिष्ट

श्री ५ गीर्वाणबाट वि.सं. १८६१ मा भगीरथ जैसीलाई लेखिदिएको पत्र

श्रीदुर्गा(स)हाय:

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविध-
२. विरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिरा-
३. जश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहबहादूरस-
४. म्सेर्जङ्देवानां सदा समरविजयिनाम्-------------
५. आगे भगीरथ जैसिके. तिमिलाई साट्याको बिर्ता था-
६. मि चुक्दिषोला पृथ्वीधर पाध्याले मानाचावल गरि
७. षायाको मुरी १४० कटुवालरुम्ये मुरी ३० अध्यारिषो-
८. लो तल्लोसिम्ल्या मुरी ६० सुनुचांप्या मुरी २० गैऱ्होचौर
९. मुरी १० नाउषोलो साटि रह्याको मुरी ४० ज्यामा षेत तीन् ३
१०. नेवार बस्याको लाकुऱ्या गांउं घड्यारी कवलबोट्या चि-
११. लाउन्याटर डिहि आम्डाडाभित्रको जगा षरक् औ
१२. देवकोट तंम्रो नञा पुराना बिर्त्ता बांधासमेत् गादिममा-
१३. रष चुमाउनी सम्मृति तिन् रकम्बाहेक् छिपि चौधरि
१४. सर्वांक माफ गरि कुशबिर्त्ता बितलप बक्स्यौं. आफ्ना षा-
१५. तिर्जामासंग कुशबिर्ता बितलप् जांनी भोग्य गर. ईति स-
१६. म्वत् १८६१ साल मिति वैशाषसुदि १५ रोज ५ शुभम्"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडिपट्टि)

मार्फत बाहादुर भंडारी

मार्फत भीमसेन थापा

वि.सं. १८६१ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१४	बृहस्पति	पूर्णिमा	३४।	०

(पात्रोबाट)

२६ परिशिष्ट

दलभञ्जन पाँडे र अमरसिंह थापाले कर उठाउने अधिकारीहरूलाई वि.सं. १८६१ मा लेखेको पत्र

श्री

१. स्वस्ति श्रीकाजिदलभन्जनपाडेश्रीकाजिअम्बरसिंहथापाकस्य

२. पत्रम्-----------------

३. आगे सलामि उघावन आवन्या जनके जेथोचित्. उप्रा-

४. न्तः भगिरथ् जैसिलाइ बक्स्याका बितलपूमा तिन् कलम्-

५. बाहिक् अरू सबै कलम्को माफको मोहोर छ. नेपाल-

६. बाट काजिहरूले पनि तिन्का जग्गामा सलामिको टंय नला-

७. उ भनि दस्कत् दियाको छ गरे. भगिरथ जैसि जाहां काज-

८. मा छन्. ईन्का जग्गामा टंय नलाउ. हजुरमा बिन्ति गरी

९. पठाउला र ज्या मर्जि आवला सोमाफिक् गरियला. आज नचलाउ.

१०. ईति सम्वत् १८६१ साल कार्तिकसुदि १३ रोज ५ शुभ-

(छेउमा)

म्

(पत्रको शिरमा)

पत्र सहि

(पत्रको शुरूमा एउटा छाप लगाइएको छ, तर त्यो स्पष्ट बुझिँदैन ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८६१ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी	पला
मार्ग	३	बृहस्पति	त्रयोदशी	३६।	४४

(पात्रोबाट)

२७ परिशिष्ट

मुकुन्द अधिकारीले भगीरथ जैसीलाई वि.सं. १८६१ मा लेखिदिएको पत्र

श्रीदुर्गा

१. स्वस्ति श्रीशाके १७२६ मासे माघदिन १५ गते म-
२. कुंद अधिकारिले आफ्नु अंश ज्याविर सुवारा षेत
३. मुरि ५० तस्को लगा गाउघड्यारिसमेत आसिफ-
४. र्को कुटिघा बाधा दिया. श्रीभगीरथ जैसिले बाधा
५. लिया. तसमध्य रुपैया दसमासि शिक्का ३०१ अ-
६. क्षरेपि तीन सय एक. एस बातका साछि रामभद्र
७. नेउपान्या नंदाराम साषि माधौ जैसि घनस्याम
८. अधिकारि लाटु अधिकारि तुलाराम लुइट्याल्
९. लक्ष्मीधर गोताम्या दसरथ ओलि लीखक साछि
१०. स्वहस्तेन शुभम्------

२८ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८६१ मा लेखिदिएको पत्र

१. स्वस्ति श्रीगीरीराजचक्रचुडामणीनरनारायणेत्यादीवीवीधवीरुदावलीवीराज-मानमानोन्न-
२. तश्रीमन्माहाराजाधीराजश्रीश्रीमाहाराजगीर्वाणयुद्धवीक्रमसाहाबहादुरसम्सेरजङ्ग-
३. देवानाम सदा समरवीजईनाम आगे भगीरथ जैसी देऊकोटयके. सम्वत् १८६१ साल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. मीती वैसाषसुदी १५ रोज ५ का दीन पाल्या काजमा पठाउदा संकल्प भयाका लकाङ् लीगलीग

५. धुवाकोट्का अम्मलमा षेत तीन ३ लाकुन्या नेवार बस्याको गाऊ घड्यारी चीलाऊन्यायर

६. कमलबोट्याडीही आमडाडाभीत्रका षरक तस्को साध पुर्व आमडाडो अर्चल्यामाथी

७. थुमको लुईट्याल भंज्यां लुहकील दक्षीण पाषो षोलो गोताम्याको बीर्ता लुहकील

८. पश्चीं ठुलाषोलाको र पीपलका रुषमुनीको षोल्सीको दोभान लुहकील उत्तर नेऊपाने-

९. को बीर्ता उभो पौड्यालको बीर्ता लुहकील यती कील्लाभीत्र नाउषोला साट्याका बृत्ता-

१०. स्मेत मुरी पचास ५० दफे चुगडीषोला पृथीधर पाध्याले मानाचामल षायाको

११. यक षेत चालीस मुरी १।४० तस्को साध पुर्व २ षोलाको दोभान लुहकील दक्षीण

१२. षोलो लुहकील पश्चीम तेह्रबीस्याको आली लुहकील उत्तर सानुषोल्सी लुहकी-

१३. ल दफे कटुवालरुम्ये मुरी अठार १८ तस्को साध पुर्व षह्न्या बीर्ता लुहकील दक्षीण

१४. षोलाको दोभान लुहकील पश्चीम षोल्सी कटुजको रुष लुहकील उत्तर बाटे डु-

१५. म्रीको रुष लुहकील दफे अध्यारीषोला तल्लो सीमल्या मुरी असी ८० तस्को साध

१६. पुर्व बादको पहरो लुहकील दक्षीण कांल्हा ठुलो ढुंगो लुहकील पश्चीम ठुलो बाद

१७. लोहनीको बीर्ता लुहकील उत्तर रैकरको कांल्हो लुहकील दफे गैह्राचौर जामुन्या

१८. मुरी १६ तसमध्ये कमलबोट्या डीही तस्को साध पुर्व षोल्सी रैकर लुहकील दक्षीण रैकर-

१९. को कुनासो लुहकील पश्चीम षह्न्या सीरीसको रुष लुहकील उत्तर ठुलो षोलो लुह-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०. कील दफे पल्लो जामुन्या मुरी छ ६ तस्को साध पुर्व दक्षीण पश्चीम रैकर लुहकील उत्तर षो-

२१. लो लुहकील ज्मा साप्रास्मेत षेत तीन मुरी दस ३।१० यो बृता बक्सदा संकल्पवाक्यवक्ता

२२. पुरोहीत यधुनाथ पाध्या अर्ज्याल पानी हालन्या काजी भीमसेन थापा सधीयार श्रीधर पं-

२३. थ रामु पाडे बालकृष्ण बोहरा वंसवीर राना थरी गाईषुरे मौली पाडे गजाधर तीवारी श्री-

२४. धर जैसी अमाली वंसीधर थापा दयाराम बराकोटी हरीनंद देऊकोटा माधौ देऊकोटा औ कास्की

२५. कुडहरको तम्रो बृत्ता डीहीस्मेत षेत दुई २ लिकन तस्को साटे लकांका अम्बलमध्ये अमरावी

२६. डिहीस्मेत षेत दुई २ साटीबक्स्याको तस्को साध पुर्व मानसींषोलो लुहकील दक्षीण अ-

२७. धीकारीको बृत्ता लुहकील पश्चीं षह्र्या बृत्ता लुहकील उत्तर रैकरका साजको रुष षड्काका

२८. घरमनीको बान्हु लुहकील औ लीगलीगका अम्मलमा मनीराम कड्यालछेऊ कीन्याको क-

२९. ड्यालटारी मुरी १।२० तसमध्ये षुर्पाजुंको भीताको पाषोस्मेत मुरी दस ।१० नाऊषो-

३०. लामा साटीबक्स्याको रहल डीही षेत यक् मुरी दश १।१० तस्को साध पुर्व षोलो लुहकील द-

३१. क्षीण कुलो लुहकील पश्चीं डीहीमनीको कुलो लुहकील उत्तर कट्हरको आधा फेदौदेषी

३२. उभोको सुवारोमाथी थुमको लुहकील औ लकाङ्का अम्मलमा पर्सुराम कासीराम व्यास-

३३. देऊ लक्ष्मापती गोताम्याछेऊ कीन्याको बृत्ता बीरुवा ढाड मुरी चालीस ४० बाटको रुम्ये मु-

©010 Nepal Sanskrit Academy, Kathmandu

३४. री बीस २० गैह्री मुरी चालीस ४० तस्को साध पुर्व बेलडाडाको सीऊडीवार बाडको मुष पर्सुरा-

३५. मका घरछेउको सीऊडेबार लुहकील दक्षीण झीगटीपाऱ्याषोलो लुहकील पश्चीम ठुलोषोलो

३६. लुहकील उत्तर नाऊषोलो लुहकील तस्को डीही पुर्व तीवारीको बृत्ता छाडी उपल्ला भाइको सां-

३७. ध व्यासदेऊ बस्याको डीही दक्षीण ऊपल्ला भाईको साध लुहकील दक्षीण देऊकोट्याको साध षो-

३८. ल्सी लुहकील पश्चीम तल्लो कुलाले षायाको डील लुहकील उत्तर सीमको डील मुहानको गरो

३९. चीलाउन्याको रुष लुहकील दफे ढाड पुर्व षोल्सी लुहकील दक्षीण बान्हु लुहकील पश्चीम

४०. सांषीका साधको डील लुहकील ऊत्तर पानीषोल्सी दफे आमका रुषछेउको सुवारो तस्को सा-

४१. ध पुर्व बान्हु लुहकील दक्षीण रैकर लुहकील पश्चीं सीऊडबार लुहकील उत्तर बान्हु लुहकील

४२. जुडीषेतछेउको सुवारो तस्को साध पुर्व दक्षीण पश्चीम उत्तर गोताम्याको बृत्ता लुहकील

४३. यती चारकील्लाभीत्र अघीको पुराना बृत्ता पछी बक्स्याका साट्याका कीन्याका डीही-

४४. स्मेत षेत ज्मा सात मुरी बीस ७।२० औ तम्रो देऊकोट् नञा पुराना बृत्ता बाधास्मेतको गाडी-

४५. ममारष चुमावनी सम्मृती तीन रकमबाहेक छीपी चौधरी सर्वांक माफ मोहर तावापत्र

४६. गरी कुसबीर्ताबीतलप बक्स्यौं. आफना षातीरजामासीत संतानदरसंतानपर्ज्यैन्त कुसबी-

४७. र्ताबीतलब जानी सुष भोग्य गर. चारकील्लाभंदा अर्घ्यालो बृत्तवारले नचापनु. वीनात-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४८. क्सीर राजाले नहर्नु. माटे बेचदा सर्कार साधनु. सर्कारमा नलीया अंनेत्र बेचनु. य-

४९. स बंधेजमा जो रहोईन. सो यस श्लेकमा भन्याको पातकी होला. स्वदत्ताम्परदत्ताम्वा

५०. यो हरेश्च वसुंधराम्. षष्टिवर्षसहस्राणि विष्ययां जायते कृमिः ईती सम्वत् १८६१

५१. साल मीती चैत्रसुदी २ रोज २ शुभ्म्---------------

(पत्रको शुरूमा गीर्वाणयुद्धविक्रम शाहको छाप लगाइएको छ ।)

वि.सं. १८६१ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१४	बृहस्पति	पूर्णिमा	३४।	०

(पात्रोबाट)

वि.सं. १८६१ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
चैत्र	२२	सोम	द्वितीया	४८।	८

(पात्रोबाट)

२९ परिशिष्ट

श्री ५ गीर्वाणबाट जग्गा जाँच गर्ने अधिकारीहरूलाई वि.सं. १८६२ मा लेखेको पत्र

श्रीदुर्गासहाय

श्रीदुरर्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-------------------

२. आगे लकाङ गाईषुरपटि जांच गर्न्या जामादार मेजर हुदा सिपा-

३. हिप्रति. भगिरथ जैसिलाई ६१ सालमा संकल्प गरि कुसबिर्ताबि-

४. तलप बक्स्याका षेत ३ तस्को गाऊ घड्यारि लगा पाषो ब्यासी गोता-

५. म्याषोला घर भयाको डिहि आलि बालिसमेत् कुसबिर्ता बित-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. लप थामिबक्स्यौं. ताहा तक्रार नगर छोडिदेउ. इति सम्वत् १८६२

७. साल मिति चैत्रवदि ६ रोज २ शुभ्म्----------

(पछाडिपट्टि)

मार्फत् सेरबहादुर शाहः

मार्फत प्राण साह

मार्फत रणध्वज थापा

मार्फत नरसिंह

मार्फत भीमसेन थापा

रणजीत पांडे

वि.सं. १८६२ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	२९	सोम	षष्ठी	३९।	५७

(पात्रोबाट)

३० परिशिष्ट

रणजित् पाँडे, भीमसेन थापा, रणध्वज थापा, बालकृष्ण कुँवर र बहादुर भँडारीले वि.सं. १८६३ मा मुकुन्द अधिकारीलाई लेखेको पत्र

श्रीः

श्रीसर्कार

१

१. स्वस्ति श्रीकाजिरणजितपांडेश्रीकाजिभिमसेनथापाश्रीकाजिरणध्वजथापाश्री-

२. काजिबालकृष्णकवरश्रीकाजिबाहादूरभडारिकस्य पत्रम्

३. आगे मकुंद अधिकारिके यथोचित्: उप्रांत तिम्रो अंश ज्याबिरे सुवारो तिमि-

४. ले भगीरथ जैसिलाई बांधा दिंदा कबोलभरका रुपया १०० नपुग्दा भगीरथ

५. जैसिले आगे सालमा दिउला भन्दा नंदाराम सांषि माधौ जैसि देउकोट्य ई दुई

६. जना पत्याई तमसुष लेषि लियाको रहेछ. सोहि सालमा बृत्ता ---१ मा लाग्दा

७. आज सोहि बांधाबापत्का बांकि रह्याको ल्याउ भनी टंटा गर्छौं गरे. बृत्ता -१-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. लाग्यापछि त्यो रुपया पाऊदैन. बृत्ता -१- साहुलाई टंय नगर. ईति सम्वत् १८६३
सा-

९. ल फाल्गुणशुदि २ रोज ४ शुभम्---------

(शिरोभागमा)

१. सहि

२. चित्त बुझछ भन्या फिर्ता गरिदेउ. चित्त बुझ-

३. दैन भन्या जोरि दुवै दर्बार आउ.

४. सहि चित बुझ्या नमाग. चित नबुझ्या

५. दर्बार आव.

(पत्रको शुरूमा दुइय छाप देखिन्छन् । एउट्य स्पष्ट छैन । एउटयमा श्रीबहादुर्भडारि कुँदिएको देखिन्छ ।)

वि.सं. १८६३ फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	३०	बुध	द्वितीया	१८।	४३

(पात्रोबाट)

३१ परिशिष्ट

श्री ५ गीर्वाणबाट वि.सं. १८६५ मा सन्तवीर, नारायण गिरीलाई लेखेको पत्र

श्रीदुर्गासहाय

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का---------------------------

२. आगे लिग्‌लिग् लकांग्मा चुमावन उघाउन्या सन्तविर नारान् गिरिप्रति.
भगिरथ जैसि-

३. का थामियाका नया बिर्ताका घर कुरिया षेतको चुमावन माफ गरिबक्स्यौं.
नलेउ. लिया-

४. को भया फिर्ता गरिदेउ. ईति सम्वत् १८६५ साल मिति वैशाषशुदि १ रोज
३ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछिल्तिर)

मार्फत् रणउद्योत शाहः	मार्फत प्राण साह
माफत् अम्बरसिंह थापा	मार्फत् रणध्वज थापा
मार्फत् रणजीत पांडे	मार्फत बाहादुर भंडारी

वि.सं. १८६५ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	१६	मङ्गल	प्रतिपद्	५१।	५०

(पात्रोबाट)

३२ परिशिष्ट

रणजित् पाँडे र भीमसेन थापाद्वारा लिग्लिग, खुर्पाजुङ्का अधिकारीहरुलाई वि.सं. १८६५ मा लेखेको पत्र

श्री

१. स्वस्ति श्रीकाजीरणजीतपांडेश्रीकाजीभिमसेनथापाकस्य पत्रम्--------

२. आगे लिग्लिग षुर्पाजुङ्का द्वाऱ्या जेठाबुढा अमालिहेरुके यथोचित्. उ-

३. प्रांत भगिरथ जैसिका जफत भयाका जग्गामा कटहरको रुष

४. छ गरे. त्यो कटहर अमालिहेरु षादां रह्याछौ. अरुअरुका आफ्ना बारिका फलफुल

५. आफै षादा रह्याछन्. सरह एकै हुंछ. तसर्थ भगिरथ जैसिलाई कटह-

६. र षाउ भनि दशषत गरिदिञु. ताहां टंटा तक्रार नगर. ईति संवत् १८६५

७. साल मिति श्रावणशुदि ८ रोज ७ मुकाम काठमाडौ शुभम्------

(शिरमा)

पत्र सहि

(पत्रको शुरूमा श्रीवि/श्वेश्व/र भनी कुँदिएको छाप लगाइएको छ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८६५ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
श्रावण	१८	शनैश्चर	सप्तमी	०।	१५

(पात्रोबाट)

सप्तमी ० घडी १५ पलाउप्रान्त अष्टमीमा यो पत्र लेखिएको देखिन्छ ।

३३ परिशिष्ट

श्री ५ गीर्वाणबाट कर उठाउन जानेहरूलाई वि.सं. १८६२ मा लेखेको पत्र

श्रीदुर्गासहाए

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का------------------
२. आगे साऊन्याफागु ऊघाऊन जान्या जनप्रति. भागीरथ जैसिलाई ६१ सालमा स-
३. वांक माफ गरि बिर्ता बितलप तावापत्र गरिबक्स्याको ईन्का घर कुरिया गाऊ
४. ब्यासी लगापातमा जो बस्याकालाई साऊन्याफागु लाग्छ भनी तक्रार गर्छौ
५. गरे. माफ गरिबक्स्याको छ. ६१ सालदेषि वढो लियाको पैसा भाडा फिर्ता ग-
६. रिदेऊ. यो मोहर भागीरथ जैसिका हातमा रहोस्. यो मोहर हेरि साऊन्या फा-
७. गुका जनले साऊन्याफागु सालवसाल नलिनु. केहि बातको मोजाहिम नहु-
८. नु. ईति सम्वत १८६५ साल मीति कार्तिकसुदि ९ रोज ५ शुभम्------

(पछिल्तिर)

मार्फत् रणध्वज थापा

मार्फत् भीमसेन थापा

रुजु रणजीत पांडे

वि.सं. १८६५ कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी	पला
कार्तिक	१३	बृहस्पति	अष्टमी	१।	२३

(पात्रोबाट)

अष्टमी १ घडी २३ पलाउप्रान्त नवमीमा यो पत्र लेखिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३४ परिशिष्ट

रणजित् पाँडे र रणध्वज थापाद्वारा देउकोट, गाइखुरका अधिकारीहरुलाई वि.सं. १८६५ मा लेखेको पत्र

श्रीः

१. स्वस्ति श्रीकाजीरणजीतपांडेश्रीकाजिरणध्वजथापाकस्य पत्रम्----
२. आगे देउकोट गाइषुरका अमालिदार द्वाऱ्या जेठाबुढाहरुके य–
३. थोचित्. उप्रांत भगीरथ जैसिका गोताम्याषोलाका डिहिमा बस्या–
४. का व्यास्देउ गोताम्या र लंबोदर कट्याल्लाई सेर्मा ल्याउ भनि
५. टंट्य गर्छौं गरे. ६२ सालमा ३ षेतको र आफु बस्यादेषि उभोका
६. डिहि सुवारा घर कुरियासमेत्को मोहोर गरि थामिबक्स्याको
७. छ. २।३ सालदेषि सेर्मा लियाको हो भंछौ गरे. मोहोरमा केहि
८. थामिन्या केहि उठ्न्या हुदैन. ति डिहि सबै थामियाका छंन्. डिहि घ–
९. र कुरियाहेरुको सेर्मा दिया नलेउ छाडिदेउ. ईति संवत् १८६५ साल मिति पौ–
१०. षशुदि १५ रोज १ शुभम्----------

(शिरोभागमा)

१. सहि मोहरबमोजीम्–
२. का बाहलि गर.
३. सही मोहरबमोजिम
४. टंट्य नगर.

वि.सं. १८६५ पौषशुक्ल

	गते	वार	तिथि	घडी	पला
पौष	२०	आदित्य	पूर्णिमा	५०।	३९

(पात्रोबाट)

३५ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८६६ मा लेखिदिएको पत्र

श्रीः

श्रीदुर्गासहाय

श्रीदुर्गा भवानी

१. स्वस्ति श्रीगिरिराजचक्रचुडामणिनरनारायणेत्यादीविविधविरूदाव–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. लिविराजमानमानोन्नतश्रीमंन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे-
३. गीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्देवानाम् सदा समर-
४. विजयीनाम्--------------------
५. आगे भगिरथ जैसिके तिमिलाई काममा कांगडा पठाउदा पर्व-
६. त मार्दाको सायेतका रिझमा बक्स्याको अवराञिडीडिसमेत-
७. गोताम्याषोला बाटको रूम्टे मुरि २० ढाङ् बिह्राहा ५० झिगढि-
८. पाऱ्या गैह्रि मुरि ३० चुग्दिषोला आफ्ना बिर्ता मिल्दो षेत १।२० ज्मा
९. षेत ४।२० पाषो देउकोट सिमलचौर लुईट्यालडाडाको गाउ
१०. घड्यारि पुरानु डिहिसमेत् गोताम्याषोलाका बिर्ता डिहि ल-
११. गापालसमेत बिर्ताबितलप फोइबक्स्यौं. आफ्ना षातिरजामासं-
१२. ग बिर्ताबितलप जानि भोग्य गर. इति सम्वत् १८६६ साल मि-
१३. ति आश्विनवदि १३ रोज ६ शुभम्-------

(पछिल्लितिर)

मार्फत भीमसेन थापा

मार्फत बहादुर भंडारी

मार्फत् रणध्वज थापा

वि.सं. १८६६ आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
आश्विन	२३	शुक्र	द्वादशी	२१।	४९

(पात्रोबाट)

द्वादशी २१ घडी ४९ पलाउप्रान्त त्रयोदशीमा यो पत्र लेखिएको देखिन्छ ।

३६ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८६६ मा लेखिदिएको पत्र

श्रीदुर्गासहाय

श्रीमहादेवका

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का--------------

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. आगे भगीरथ जैसीके. तिमिले --- पुजा नीत्य गुठ राष्याको अ-

३. क्षताको षेत मकुऱ्या अधिकारीछेऊ किन्याको ज्यामिर सुवारो

४. नाऊ भयाको मुरि ४० तस्को डिहि लगास्मेत् फोईबक्स्यौं. नित्य पु-

५. जा चलाई गुठ जानी भोग्ये गर. ईति सम्वत १८६६ साल मिति आ-

६. श्वीणवदि १४ रोज १ शुभ्म्------

(पछाडिपट्टि)

मार्फत भीमसेन थापा

मार्फत बाहादुर भंडारी

मार्फत् रणध्वज थापा

३७ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८६६ मा लेखेको पत्र

श्रीदुर्गासहाये

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्कां---------

२. आगे भगीरथ जैसिके प्रणाम. ऊंप्रान्त केहि काज कुराको सलाह भै तिमिलाई ला-

३. ऊन पर्न्या छ. तसर्थ मोहर पुगनीबित्तिकै हुकुमको सायेत् गरि चांडो हांम्रा ह-

४. जुर आईपुग. इति सम्वत १८६६ साल मिती प्रःआषाढसुदि १४ रोज २ शुभम्———

वि.सं. १८६६ अधिकआषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
आषाढ	१५	सोम	चतुर्दशी	४३।	५१

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३८ परिशिष्ट

श्री ५ गीर्वाणद्वारा जयकृष्ण लम्सालालाई वि.सं. १८६५ मा पठाइएको पत्र

श्रीदुर्गासहाय:

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानां सदासमरविजयिनाम्———

स्वस्ति श्रीराजभारासामर्थ श्रीजयकृष्ण जोसिके प्रणाम. उभयो कुशलं च. उप्रांत माघशुदि ५ का दिन लेष्याको अर्जि चैत्रवदि ५ का दिन आईपुग्यो. अर्थ जाहर भयो. वर्षफलको विचार र कांगडाको काज पुग्न्यैछ भनी बिन्ति गरि पठायाछौ. बडिया गऱ्याछौ. ज्योतिषिको काम् तेसै हो. अबप्रान्त पनी थापाकाजीले अह्रायाबमोजीम सायत् विचार गरी कांगडा चाडो अमल गर्न्या काम गर्नु. बुझ्यादेष्यासंमको शुभाशुभ विचार र ताहाँको हालसुरत बिन्ति गरि पठाउँदै रहन्या गर्नु. कांगडाका काजमा मिहिनत् गर्न्या मानिस्को विनय विवेक गरि निगाह राषन्या म छँदैछु. षातिर्जामासीत जान्याबुझ्यासंमको रहल विचार तत्पर भै गर.

इति संवत् १८६५ साल चैत्रवदि ९ रोज ६ मोकाम कान्तिपुर शुभम् – – –

(षष्टिकाप्रसाद लम्सालको संग्रहमा रहेको पत्र, इतिहासप्रकाशमा सन्धिपत्रसंग्रहको ३१० पृ.)

वि.सं. १८६५ माघशुक्ल

	गते	वार	तिथि	घडी	पला
माघ	९	शुक्र	पञ्चमी	५४।	३९

(पात्रोबाट)

वि.सं. १८६५ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	२५	सोम	पञ्चमी	४६।	३०
	२९	शुक्र	नवमी	२३।	४७

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३९ परिशिष्ट

श्री ५ गीर्वाणद्वारा जयकृष्ण लम्सालाई वि.सं. १८६८ मा गरिदिएको पत्र

श्रीदुर्गासहाय:

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगिर्वाणयुद्धविक्रमसाहबहादुर-सम्सेरजङ्गदेवानाम् सदा समरविजयिनाम्-------

आगे जैकृष्ण जैसिके भगिरथ जैसिको षायल षर्दारि मानको पगरि बक्स्यौं. तस्को षानगि षेत ११। षुवावदे नगद रुपैया २०० लि मुहडामा काजी अम्बरसिं थापाका साथ आफुलाई लाग्याको कामकाज परिआयाको गरी निमकको सोझो चिताई तपसिलमाफिकको षेत षुवा नगद दस्तुर ली जागीर जानी भोग्य गर –

तपसिल

असामी		थुमषुवा	षेत	नगद
कास्कि बलभद्र षर्दारले षायाको ल्वाङ्थुम		१	६।	११
टिकावल्लभ पांडेको मानाचावल लकां		०	१।४०	०
भुर्जङ्षेला		०	२।	०
काजी बहादुर भँडारीले षायाको रागीनासको पाचोक षुवा		१	०	९१
तनहु वंदिपुर दयाराम अधिकारीको भाईसमेत षेत ४। मध्ये		०	१।६०	०
सिमल्या १। मध्ये षेलो ।८० बाकी ।२० धर्म्मको १। मध्ये षेलो ।६० बाकि ।४०				
दामधरको	१।	२।	११।	१०२

यस षानगिमा नगदिबावत नपुग्याको दर्द रु ९८

इति सम्वत् १८६८ साल मिति मार्गसीरसुदि १ रोज १ शुभम्

मार्फत विरकेसर पांडे

(षष्टिकाप्रसाद लम्सालको सङ्ग्रहमा रहेको पत्र, इतिहासप्रकाशमा सन्धिपत्रसंग्रहको ३१० पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८६८ मार्गशुक्ल

	गते	वार	तिथि	घडी	पला
मार्ग	४	आदित्य	प्रतिपद्	८।	७

(पात्रोबाट)

४० परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८६६ मा लेखिदिएको पत्र

श्रीदुर्गासहाय

श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का----------

२. आगे षर्दार भगिरथ जैसिके. लकांङ्का अम्बलमधे थानसिं बलव-

३. न्त रानाको मोहोर हानि तिमिलाई छाप गरिबक्स्यौं. आफ्ना षातिर-

४. ज्मासग छाप जानि भोग्ये गर. ईति सम्वत १८६६ साल मिति आ-

५. आश्वीणसुदी १ रोज २ शुभ्म्----------

(पछिल्तिर)

मार्फत् रणध्वज थापा मार्फत् सम्सेर राना

वि.सं. १८६६ आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
आश्विन	२६	सोम	अमावास्या	१७।	३१

(पात्रोबाट)

आश्विनकृष्ण अमावस्या १७।३१ उप्रान्त आश्विनशुक्ल प्रतिपदामा यो पत्र लेखिएको देखिन्छ ।

(२)

उजीरसिंह थापाले श्री ५ गीर्वाणमा वि.सं. १८७२ मा चढाएको अर्जी

१. अर्जि------------------------------

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. उप्रान्त जेष्टवदि ९ रोज ५ मा लेषियाको कृपापत्र एहि वदी १३ का दिन आईपुग्यो. अर्थ शीर चह्राञां.

३. चौतारा बम्साहबाट आयाका अर्जीका प्रतिउत्तर लेषी गुँद नलगाइ पठायाको छ. तैले हेरी गुँद लगाई पठाईदे

३. भनी मर्जी आयेछ. हुकुम शीर चह्राई चौतरियाका नाउको मोहर हेरि गुँद लगाई उही घरी रवाना गऱ्यूँ. बाँ-

४. की मिश्रज्यू चन्द्रशेषर पाध्याहरू आयाको षबर फेरि बिदा गऱ्याको विस्तार अस्ति लेषी पठायाको पुगी बु-

५. झिहोस् भनी मर्जि आयाका अर्थ मेहरबान्गीपूर्वक बक्सी पठायागयाको मोहर्आई विस्तार बुझी प्र-

६. तिउत्तर चह्राइ पठायाको जाहेर भयो. हो बाकी पदनाहाको साँधनेरा भर्तापुरमा कुइऱ्याको लस्कर आ-

७. यो भनी सुबेदार भक्तवत्सल मल्लले लेष्याको. चीठी बिजिनिस् आउंदा पांडे काजी र कम्पुका फ-

८.यरहरु पनी भेरिवारपार हुनान्. त्यो षबर सुन्याहुन्. नसुन्याको भया त्यो षबर उन्लाई पनी

९. लेष. त्याहांबाट सार्दुलजङ कम्पनी र माहाविर अधिकारिको कंपनी चांडो पठाउ. ताहां वैरि

१० आउन आंट्यो भन्या एताबाट बल पठांउंला भन्या चिठी सल्ल्यान बस्न्या भारादारलाई लेषी

११. सो बिस्तारसमेत् बिजिनिस चह्राई पठायाको हो. भक्तवत्सल मल्ल र सल्ल्यान बस्न्या भारादारबाट

१२. षबर दोहोरिनिमात्रै सल्ल्यानामा फौज पठांउंला भनी षटैन गरीराष्याको थियो. उहेरुबाट

१३. निस्तुक केही आयेन. सल्ल्यानीका षर्चका जगाको फौजदार हरिवंश जैसिले लेष्याको चिठी

१४. आज ब्याहान आयो. कोल्हुइ पुगन्नामा कुइऱ्याको फौज आई गढी पोल्यो गांडं लुट्यो. रै-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५. यत् भाग्या. फलावाङदेषी १ अंतरको रस्ता छ भनी लेष्याको रहेछ. तेश्रा प्रहरमा पदनाहा कुन्ह्यां

१६. कम्पनीका जो रह्याका हुद्दा सिपाही र मनिभद्र साहीले लेष्याको चिठीमा सुबेदार भक्तवत्सल म-

१७. ल्ल र जमादार मेजरसमेत १४ जना हाम्रा षेत रह्या. ७ घोडा ७ असवार उस्का षेत रह्या. गढि प्र-

१८. गन्ना उस्को अमल भयो. कुपुठ्या पुनीको रस्ता गरी कर्नालीको कीनारा र सुरषेतमा निस्कन्या

१९. डबल छ भनी लेष्याको रहेछ. सो बिजिनिस् चह्राई पठायाको छ. दाषील होला. त्यो षबर आ-

२०. यापछि सल्ल्याना बस्न्या भारादारबाट निस्तुक आयेन तपनी सल्ल्यानामा बल पनी पातलो

२१. छ षबर पनी राषृता रहेनछन् भन्नार्थले कुम्मेदान् जयसूर थापाको फयर पल्टन र लपृटै-

२२. न देवीभगत्समेत् कम्पुका पट्टी २ षटाऔं. जेष्टको दिन २७ जांदा बुधवार ब्याहान सबेरैको

२३. सायत् बढिया छ भनी भगिरथले भन्या र सो सायत् गरी हिड्छन्. बाकी अर्जि लेषृतैका बिचमा

२४. धर्मराज षत्रीले लेष्याको चिठी आयो. वैशाष लाग्न्या संक्रांतिमा मुहुडाबाट हिड्न्या मानी-

२५. स्ले यस्तो षबर कह्यो भनी लेष्याको रहेछ. सो बिजिनिस् पनी चह्राइ पठायाको छ. दाषील

२६. भै षबर जाहेर होला. किमधीकं विज्ञचरणेषु. इती सम्वत् १८७२ साल मिती जेष्टवदी १३ रोज २

२७. मुकाम पालपा श्रीनगर शुभम्. इत सेवक उजीरसिंहथापाकस्य कोटी कुर्णेश बन्दगी सलाम् सलाम् सलाम् शुभम्

(राष्ट्रिय अभिलेखालयमा रहेको पत्र, शाहकालीन ऐतिहासिक चिठ्ठीपत्रसंग्रह १ भागका १२३-१२६ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८७२ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	२१	बृहस्पति	नवमी	४४।	३५
	२५	सोम	त्रयोदशी	४६।	३५
	२७	बुध	अमावास्या	४०।	२१

(पात्रोबाट)

४१ परिशिष्ट

अमृतसिंह थापाले भीमसेन थापालाई वि.सं. १८६७ मा पठाएको पत्र

स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ठ राजभारोद्धारणसामर्थ श्रीश्रीश्रीदाज्यू भीमसेन थापाका चरणतलेषु इत श्रीभाइ अमृतसिंह थापाको कोटिकोटिसेवा ३ सन्तम्पूर्वकपत्रमिदम्.

इत नीक. ताहा पनि सदा सर्वदा छेम कुसल मंगल हुनुभया हमारो उद्धार प्रतिपाल होल. आगे यहाको समाचार भलो छ.

उप्रान्त येता आउन्या पल्टंलाई ताहांबाट पाल्पा बाबासँग पठाया गयाको बाबाको हुद्दा सिपाहि ९ पिपा जना ४ का हस्ते आहा पुग्न्या गरी पठाईदिनुभयाको ज्मादार कोत्या अजिटन्का पगरी लाउन्या सुनका चांद १२ ऐका कुर्थिमा लाउन्या सुनका गंगाजमुनी १२ हवल्दारी १९ अमल्दारी ३८ अर्दली चांद २६ सिपाही ३७२ निसान भाट कर्षावालको ५ सब जम्मा चांद अघि नमूनालाई आयाको समेत ४८४ चैत्रशुदि ११ रोज १ का दिन दाषिल भयो. पौंचनामा रसीद गरीदिञा. भगीरथ जैसीसंग सायत हेराइ वैसाखका १७ दिन जादा शुक्रवार लाइदिन्या काम गऱ्युं. अघि चांद तोडा पठाउनाको हुकुम र आग्या आउदा कुमाउका कोत्या र हुद्दा सिपाहिलाई राषि बनाउन लाई आयाथ्यौं. सब ज्मा चांदिका चांद ४५० सिपाहिका तोडा १७५ तयार भयाका रह्याछन्. पछी ताहा बनाउनपर्दैन. चांद तोडा एतैबाट पठाउंला भनि चिठि आउदा आहा कालीगढ पनि उस्ता जान्या रहेनछ र कोत्याहरुलाई आजसम्म जो बनायाको चांद तोडा लि आउ भनि ताहाको चिठि पुग्नीबित्तिकै झीकाई पठाऱ्यु. तोडा पनि ताहींबाट चाडो बक्सी पठायागया बढीया होला. सर्दार वीरभद्र कवर पनि श्रीनगरमा बसन्या गरि नाहनदेखि आयाका छन्. वैशाष १३ दिन जादा हामीसँग भेट भयो. मेरा अर्थलाई भन्या भगीरथ जैसीले हाल सायत छैन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भंदा र पाडे काजिबाट जानाको चित् नगर्दा यस्तै अल्यांमल्यांमा परीरहेछौं. अघि समिक्षा चिठीबाट चढाइपठायाको हो. भगीरथ जैसीका मुखबाट भन्या अघि बुढाकाजि जमुना तर्दा पनि सायत परेको रहेनछ. यस्तो पर्न गयो. सायतै पारी जमुना तऱ्या बढिया होला भनि जैसिले भन्दा र जमुना तर भंन्या चिठिमा चिठिभित्र छाप लागी भै नआउंदा पल्टंका निसानलाई तार्न सकियेन. ऐल्हे त सुगाठोर नाहन बस्न्या भारदार पनि सुबिस्तैसँग रह्याका छन् भन्छन्. हाल शतरुद्रा तर्नालाई पनि आफ्ना पिछाडी मजबुतीसँग बन्दोबस्त नभै तऱ्या तंरिपारिको काज चाडै पुग्ला जस्तो देषिदैन. पश्चिमका हालसुरतका अर्थलाई रणजित्सिं मुलतान गैरहेछ. वाहादेखि हटेको छैन. जालंधर डुंगरका राजाहरु आफ्ना गढ किल्ला मजबुती गर्न लागीरहेछं भन्या षबर आइरहेछ. विशेष माथवरी षबर जो आउला. लेषतै रहुँला. बहुत कहांतक लेषु. पाउ प्रवीन हुनुहुन्छ. किमधिकं विज्ञेषु.

इति संवत् १८६७ साल मिति वैशाखवदि ५ रोज ३ मुकाम नालापानी

(ऐतिहासिक पत्रसंग्रह पहिलो भागका १०१-१०२ पृ.)

वि.सं. १८६५ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	५	आदित्य	एकादशी	३६।	५५

(पात्रोबाट)

वि.सं. १८६७ वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
वैशाख	१४	मङ्गल	पञ्चमी	१३।	२७
	१७	शुक्र	नवमी	४९।	५२

(पात्रोबाट)

४२ परिशिष्ट

भीमसेन थापाद्वारा भगीरथ जैसीलाई वि.सं. १८६८ मा लेखिदिएको पत्र

श्रीः

श्री ५ स्वामीज्यूबाट

१. स्वस्ति श्रीकाजिभीमसेनथापाकस्य पत्रम्--------------------

CC-0. Nepal Sanskrit Academy, Kathmandu
२. आगे भगीरथ जैसीके· तिमिलाइ पालपा काजमा बा-
३. बाका साथमा पठाउंदां ---------- तांवापत्र गरिवबक्-
४. स्याको बिर्त्ता उठ्तैन. तस्मा पऱ्याको ढुंगो फोइदिञौ.
५. बालि षाउ. तावापत्रबमोजिम् चलन् गर. इति संवत्
६. १८६८ भाद्रशुदि ९ रोज ४ शुभम्---------

(पत्रको शुरूमा श्रीवि।श्वेश्व।र कुँदिएको छाप लगाइएको छ।)

वि.सं. १८६८ भाद्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
भाद्र	१४	बुध	नवमी	२५।	२४

(पात्रोबाट)

४३ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८६९ मा लेखिदिएको पत्र

श्रीदुर्गासहायः

श्रीमहादेव श्रीदुर्ग्गा

भवानि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का--------------------
२. आगे भगीरथ जैसिके. तिमिलाई ६२ सालमा जफत हुंदा गाउ लुञ्टियाल् डाडो
३. नेवार बस्याको ब्या सिदरपट्टिका बाधा बृत्ताका सुवारा घरबारि लगायात औ--
४. ---को गुठ ज्याविर्सुवारो षेत मुरि ४० डिही थामिबक्स्याको सोबमोजिम बृत्ता
५. बितलप् गुठ फोई थामिबक्स्यौ. आजउप्रांत तिमिले रिझायाको विरु जैसिको
६. लाग नास्ति गरि आफ्ना षातिर्जामासंग बृत्ता बितलप गुठ जानी भोग्य गर. ईति
७. सम्वत् १८६९ साल मिति प्रं:वैसाषसुदि ११ रोज ४ शुभम्-----

(पछिल्तिर)

मार्फत् प्राण साह — मार्फत् रणोद्योत साह
मार्फत् रणध्वज थापा — मार्फत् विरकेसर पाडे

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मार्फत् दलभञ्जन् पांडे   मार्फत् अम्बरसिंह थापा
मार्फत बहादुर भंडारी   मार्फत् बालनरसिं कंवर

वि.सं. १८६९ अधिकवैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	१२	बुध	एकादशी	२१।	३

(पात्रोबाट)

४४ परिशिष्ट

भीमसेन थापाले भगीरथ जैसीलाई लेखेको पत्र

श्रीदुर्गा

१. स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादिसकलगुणगरीष्टराज-
२. भारासामथश्रीभगिरथ्जैसिकेषु ईत श्रीजनरलभीम-
३. सेनथापाकस्य प्रणामपूर्वकपत्रमिदम्. ऊभयो कु-
४. सलं च. ऊप्रांत मकुवानपुरको गढि बनाऊन्या स-
५. लाह ठहरियो. तिम्रा मतसग कामकाज गर्नु-
६. पर्न्याछ. तसर्थ पत्र देषत तिमि चाडो गरि ऑंहॉं आऊ.
७. विग्येषु किमधिकमिति. भाद्रशुदि १५ रोज २ मुकाम

(किनारामा)

काठमाडौं शुभं

४५ परिशिष्ट

दलभञ्जन पाँडेले भगीरथ जैसीलाई लेखेको पत्र

श्रीदुर्गासहायर

सिव २

श्रीमेहर ४

श्री ५ षामिद ७

१. स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादिराजभारासामर्थ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. श्रीभगिरथजैसिजनेषु श्रीदलभञ्जन पाँडे-
३. को प्रनाम. इत निक. तांहां कुसल चाहिये. आ-
४. गे आहांको समाचार भलो छ. उप्रांन्त --४ पल्-
५. टन्को निसान साह्रै फाटिरहेछ. श्रीपंचमि-
६. देषि पुढो र --६ रातृदेषि वोढोमा यकादसि र
७. पर्दोस नपर्न्या --७ लाइ बढिया हुन्या हामिला-
८. इ जस् हुन्या सायेत् हेरि ठहराइ विचार गरि
९. तिम्रा हस्ताअछेरले लेषि हरिलाल पाध्याका
१०. हात पठाइदेऊ. विस्तार हरिलाल गर्नान्. मि-
११. ति भाद्रसुदि १३ रोज ४ मुकाम कांतिपुर शुभम्

४६ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८७१ मा लेखिदिएको पत्र

श्रीदुर्गा

श्रीदुर्ग्गा

भवानि

गोरष

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-------------
२. आगे भगिरथ जैसिके. तम्रो बिर्ता षेत डिहीसमेत जफती भै---- कंपनी-
३. मा भर्ना भयाको कंपनीबाट झिकी संम्वत् १८७१ साल वैसाषदेषी फो-
४. इ बहाल गरिबक्स्यौं. आफ्ना षातिर्जम्मासँग बिर्ता जानी भोग्य गर. तिमी-
५. ले मोहर पुगनीबित्तिकै पालपा जर्णैल अमरसिंह थापासंग पुगी ला-
६. याअह्वायाबमोजिम्को काजकाम रुजु हाजीर भै गर्न्या गर. इति संम्व-
७. त् १८७१ साल मिति वैसाषसुदि ६ रोज २ शुभम्-----------

(पछाडिपट्टि)

मार्फत भीमसेन थापा

मार्फत् प्राण साह

CC-0 Nepal Sanskrit Academy, Kathmandu

मार्फत् रणध्वज थापा

मार्फत् अमरसिंह थापा

मार्फत सम्सेर राना

वि.सं. १८७१ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	१५	सोम	षष्ठी	४६।	१२

(पात्रोबाट)

४७ परिशिष्ट

रणध्वज थापा र रणवीरसिंह थापाले लक्ष्मण थापालाई

वि.सं. १८७१ मा लेखेको पत्र

श्री

श्री ६ बाबाज्यू

१. स्वस्ति श्रीकाजीरणध्वजथापाश्रीकर्णेलरणवीरसिंहथापाकस्य पत्रम्

२. आगे लछिमन थापाके यथोचित. उप्रान्तः भगिरथ जैसिको बिर्ता

३. जफति हुंदा गाभा दंड लाग्छ भनि जफति गरि माल बांधिलिया-

४. छौ र अन्याये गरि बाँधिलियाको माल फिर्ता गरिदेउ. ऐस कुरामा

५. षत लाग्दैन भनि पालपा---- बाट पनि दस्षत गरिबक्सनुभया-

६. को रहेछ. सो सहि हामिले पनि थामिदिनुं: इति सम्वत १८७१

८. साल मिति आषाढसुदि ७ रोज ६ शुभम्

(पत्रको शुरूमा श्री ३ इष्ट/देवता सरण/ रणवीरसिं/थापा सरण कुँदिएको छाप लगाइएको छ ।)

वि.सं. १८७१ आषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
आषाढ	१३	शुक्र	सप्तमी	२४।	२१

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४८ परिशिष्ट

रणवीरसिंह थापाले लक्ष्मण थापालाई वि.सं. १८७१ मा लेखेको पत्र

श्री

१. स्वस्ति श्रीकर्णेलरणवीरसिंहथापाकस्य पत्रम्------------------
२. आगे: लछिमन थापाके यथोचित्. उप्रान्त भगीरथ जैसिको फुक्याको
३. बिर्तामा: मोहीलाइ मनोमानसित सट्टा गरित: षेत उकासि आफुले रोप्याको
४. मुरि ३० मा यो साल त हाम्रै हुंछ भनि जैसिले षेत रोप्यापछि तिमि गोड्न
५. आउछौ गरे: आफ्ना बिर्ता फुक्यापछि: पुरान्या मोहीलाइ मनोमान गरा-
६. इ षेत रोप्याकोमा आज जफत गर्न पाइदैन. झगरा नगर. चित्त बुझ्दैन
७. भन्या जाहा आऊ. इति सम्वत १८७१ साल अधीकभाद्रवदी ६ रोज २ शु ⁻

(किनारामा)

(पत्रको शुरूमा श्री ३ इष्ट/देवता सरण/ रणवीरसिं/थापा सरण कुँदिएको छाप लगाइएको छ।)

वि.सं. १८७१ अधिकभाद्रकृष्ण

	गते	वार	तिथि	घडी	पला
भाद्र	२२	सोम	षष्ठी	४५।	२२

(पात्रोबाट)

४९ परिशिष्ट

श्री ५ गीर्वाणबाट भगीरथ जैसीलाई वि.सं. १८७१ मा लेखेको पत्र

श्रीदुर्गा
श्रीदुर्ग्गा
भवानि

